सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

# नयाँ पत्रिका

१९ माघ २०८१, शनिवार (1 Feb 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८६ ■ पृष्ठ ८ | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-

झन् नयाँ



## किताब बेच्दै हिँड्दा...

वैज्ञानिक महावीर पुन भन्छन्-

**जिन्दगीमा सबसे रमाइलो अनुभूति भइरहेको छ**

## आइटीका विद्यार्थी माइकलको समूहले एक वर्षमा गर्‍यो तीन अर्ब अनलाइन ठगी



२२ वर्षीय माइकल आइटीका विद्यार्थी हुन् । उनले बुढानीलकण्ठमा घर किन्नुका साथै महँगो गाडीसमेत खरिद गरिसकेका थिए । प्रहरी प्रवक्ता एसपी सुधीरराज शाहीका अनुसार यो समूहले इसेवाका प्रयोगकर्तालाई आफूहरू अफिसबाट बोलेको भन्दै फोन गरी सिस्टम अपडेटका नाममा ओटिपी मागेर खाता ह्याक गरी पैसा चोरी गर्दै आएका थिए ।

(विस्तृत पृष्ठ ६)

पुस मसान्तसम्म २५ खर्ब ३६ अर्ब ऋणमा देश

## सरकारले फेरि लियो १३ अर्ब ऋण




लक्ष्यअनुसार राजस्व संकलनमा कडाइ र बढ्दो प्रशासनिक खर्च नियन्त्रण गर्नुको सट्टा बर्सेनि ऋण लिएर शासन गर्ने प्रवृत्ति मौलाउँदै, तोकिएको क्षेत्रमा खर्च नगर्दा विगतमा अनुदान दिने दाताबाट अहिले ऋण लिनुपर्ने बाध्यता

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# प्रधानमन्त्रीले सदनमा नसुनाएका तथ्य

### हिउँदे अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सरकारलाई अनुकूल हुने आर्थिक तथ्यांक मात्रै सुनाए, केही लुकाए

## ■ प्रधानमन्त्रीले यी तथ्य सदनमा सुनाएनन्



**प्रधानमन्त्रीको भने** ६ महिना अघिजस्तो अहिले अर्थतन्त्रमा भयावह स्थिति छैन । अर्थतन्त्रका परिसूचक राम्रा छन् । पहिलेका 'नराम्रा' परिसूचक सुधारोन्मुख छन् । अर्थतन्त्रलाई कसरी चलायमान बनाउन सकिन्छ र माग बढाउन सकिन्छ भनेर सरकार लागिपरेको छ ।

■ **यो लुकाए–** चालू आर्थिक वर्षको पहिलो त्रैमासिकको आर्थिक वृद्धिदर पछिल्ला चार वर्षयताकै न्यून भएको राष्ट्रिय तथ्यांक कार्यालयकै प्रतिवेदनले देखाउँछ । चालू आवको पहिलो त्रैमास (साउन-असोज)मा मुलुकको आर्थिक वृद्धिदर ३.४ प्रतिशत हुने अनुमान छ । यो वृद्धिदर पछिल्ला चार आवको सोही अवधिको तुलनामा सबैभन्दा न्यून हो । जबकि चालू आर्थिक वर्षमा सरकारले ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ । अघिल्लो आव ०८०/८१ को पहिलो त्रैमासमा आर्थिक वृद्धिदर ३.६ प्रतिशत थियो । त्यस्तै, ०७९/८० को पहिलो त्रैमासमा ४.६ प्रतिशत र त्यसअघि आव ०७८/७९ को पहिलो त्रैमासमा ३.८ प्रतिशतको आर्थिक वृद्धिदर रहेको थियो ।

**प्रधानमन्त्रीको भने** चालू आर्थिक वर्षको ६ महिनाको पुँजीगत खर्च १५ प्रतिशतले वृद्धि भएको छ ।

■ **यो लुकाए–** चालू आवको ६ महिनामा सरकारले ५६ अर्ब ९४ करोड मात्रै पुँजीगत खर्च गरेको छ । चालू आवको पुँजीगततर्फको विनियोजन भएको तीन खर्ब ५२ अर्बमध्ये बाँकी ६ महिनामा दुई खर्ब ९५ अर्ब खर्च गरिसक्नुपर्ने चुनौती कायमै छ । गत आवको ६ महिनामा विनियोजित पुँजीगत बजेटको १६.३ प्रतिशत (४९ अर्ब २४ करोड) खर्च भएको थियो । गत आवको तुलनामा यो वर्ष बजेटको आकार नै बढेका कारण खर्चको वृद्धिदर पनि बढी देखिएको हो ।

**प्रधानमन्त्रीको भने** गत आर्थिक वर्षको तुलनामा राजस्व संकलन १३ प्रतिशतले बढी छ ।

■ **यो लुकाए–** चालू आवको ६ महिनामा पाँच खर्ब ५९ अर्ब राजस्व उठेको छ । ६ महिनाको राजस्व संकलन लक्ष्यको तुलनामा एक खर्ब १३ अर्ब कम हो । यस अवधिमा सरकारले ६ खर्ब ७२ अर्ब राजस्व उठाउने लक्ष्य लिएको थियो । गत आवको ६ महिनामा ६ खर्ब ६८ अर्ब राजस्व उठाउने लक्ष्य लिएकामा ७४.२५ प्रतिशत अर्थात् चार खर्ब ९६ अर्ब राजस्व संकलन भएको थियो ।

**प्रधानमन्त्रीको भने** सरकारको कुल खर्च गत वर्षको यसै अवधिको तुलनामा १७.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यही अवधिमा अघिल्लो वर्षको तुलनामा यस्तो वृद्धिदर १.७ प्रतिशत मात्र थियो ।

■ **यो लुकाए–** चालू आवको ६ महिनामा ६ खर्ब ६७ अर्ब बजेट खर्च भएको छ । तर, चालू आवको खर्च कुल विनियोजनको ३५.८९ प्रतिशत मात्रै हो । बाँकी ६ महिनाको अवधिमा ११ खर्ब ९३ अर्ब खर्च गर्नुपर्ने चुनौती छ । गत आवको सोही अवधिमा ५ खर्ब ६६ अर्ब खर्च भएको थियो ।

**४८ मिनेट सम्बोधन गर्दा प्रधानमन्त्री ओली मूल्यवृद्धिको विषयमा एक शब्द पनि बोलेनन् ।**

■ **अवस्था यस्तो छ–** राष्ट्र बैंकका अनुसार चालू आव ०८१/८२ को मंसिर मसान्तसम्म मूल्यवृद्धि ६.०५ प्रतिशत कायम भएको छ । भदौयता निरन्तर मूल्यवृद्धि भइरहेको सरकारी तथ्यांकले नै देखाउँछ । राष्ट्र बैंकका अनुसार भदौमा ३.८६ प्रतिशत, असोजमा ४.८१ प्रतिशत, कात्तिकमा ५.६ प्रतिशत पुगेको मुद्रास्फीति मंसिरमा ६.०५ प्रतिशत पुगेको थियो । जबकि अघिल्लो आर्थिक वर्ष ०८०/८१ को मंसिर मसान्तसम्म मूल्यवृद्धि ४.९५ प्रतिशत थियो ।

**प्रधानमन्त्रीको भने** गत आर्थिक वर्षको तुलनामा ७.१ प्रतिशतले आयात वृद्धि भएको छ । चालू आर्थिक वर्षको ६ महिनामा वस्तु निर्यात ३१.८ प्रतिशतले बढेको छ । गत वर्ष यसै अवधिमा ७.१ प्रतिशत मात्र वृद्धि थियो ।

■ **यो लुकाए–** गत आर्थिक वर्षको ६ महिनामा ६ खर्ब ९३ अर्बको व्यापार घाटा पुगेकामा चालू आवको सोही महिनामा ४.३८ प्रतिशतले बढेर सात खर्ब २३ अर्ब व्यापार घाटा हुन पुगेको छ ।

**प्रधानमन्त्रीको भने** चालू आर्थिक वर्षको ६ महिनामा गत वर्षभन्दा करिब ३५ अर्ब कर्जा बढी प्रवाह भएको छ ।

**यो लुकाए–**बैंकमा ६७ खर्ब तीन अर्ब निक्षेप थुप्रिएर बसेको राष्ट्र बैंकको तथ्यांक छ । कर्जाको माग बढ्न नसकेर बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी थुप्रिएको हो । पछिल्लोपटक राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट ४० अर्ब तानेको छ । निक्षेप परिचालन नहुँदा अर्थतन्त्र चलायन हुन सकिरहेको छैन ।

» पृष्ठ २ मा क्रमशः

## संसद्मा पहिलो दिनमै बाझाबाझ

■ चौथो ठुलो दल रास्वपाले १५ मिनेट गर्‍यो सांकेतिक बहिष्कार

■ सरकारद्वारा ६ अध्यादेश पेस, विपक्षले गर्‍यो अस्वीकार प्रस्ताव दर्ता

■ राष्ट्रिय सभामा पनि प्रमुख दलका नेताको सम्बोधन

■ प्रतिनिधिसभाको आगामी बैठक २४ माघमा

**कमलराज भट्ट, शुरोजंग पाण्डे पवन तिमिल्सिना**/नयाँ पत्रिका

संघीय संसद्को शुक्रबारबाट सुरु हिउँदे अधिवेशनमा सत्तापक्ष र प्रतिपक्षबिच मुख्यतः सरकारको कार्यसम्पादन, भ्रष्टाचार मुद्दा, अध्यादेश र कानुन निर्माणको प्राथमिकतामा मतभेद देखिएको छ । प्रधानमन्त्रीसहित सत्तारूढ दलका नेताहरूले सरकारका कदमको बचाउ गरेका छन् भने विपक्षी दलहरूले भने अपेक्षाकृत काम गर्न नसकेको, खराब नियतले अध्यादेश ल्याएको र भ्रष्टाचारसम्बन्धी मुद्दा छानबिनमा दोहोरो रबैया अपनाएको भन्दै सरकारको आलोचना गरेका छन् ।

अधिवेशनको प्रारम्भमा प्रधानमन्त्रीसहित नेताहरूले सम्बोधन गरेका छन् भने सरकारले ६ वटा अध्यादेश पेस गरेको छ । विपक्षी दलहरूले अध्यादेश ल्याउने प्रक्रिया र नियतमाथि प्रश्न उठाउँदै ती अस्वीकार गरियोस् भन्ने प्रस्ताव पेस गर्न सूचना दर्ता गराएका छन् । सत्तापक्ष र प्रतिपक्षबिच केही मुद्दामा आमने-सामने भएको छ ।

» पृष्ठ २ मा क्रमशः

■ प्रमुख दलका नेताहरूले भने-

● **केपी ओली**, प्रधानमन्त्री



सुधारको जुन हुटहुटीले संसद्का दुई ठुला दलहरूको नेतृत्वमा यो सरकार निर्माण भयो, त्यसलाई 'संसद्को अधिवेशन आउँदै छ- पर्खनुस्' भन्ने समय थिएन । संसद् नभएको वेला, संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तिमा ढिला हुने अवस्था वा यस्तै वेलामा त हो सरकारले अध्यादेश जारी गर्ने । संविधानले नै संसद् नचलेका वेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, होइन र ?

● **शेरबहादुर देउवा**, सभापति, कांग्रेस



सरकारले व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, देशभित्र र बाहिरबाट लगानीको अनुकूल वातावरण बनाउन अध्यादेश ल्याएको छ । यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने विश्वास छ । सुशासनको सुनिश्चितता र सेवाप्रवाहमा सहजताका लागि पनि सरकारले कानुन बनाएको छ । ती अध्यादेशहरू सम्मानित सदनबाट स्वीकृत हुनेछन् ।

● **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी



सरकारले अध्यादेश ल्याउँदा नीति, नियम, कानुन र प्रचलित अभ्यास तोड्ने काम गरेको छ, यो गलत छ । संविधानमा नै व्यवस्था रहेकाले अध्यादेश ल्याउन पाइन्छ, आवश्यक परे ल्याउनु पनि पर्छ । तर, त्यसमा पनि व्यवस्था छन् । संविधान र नियमावली उपेक्षा गर्न मिल्दैन । सरकार संसद्लाई मिनिमाइज गरेर जान खोजिरहेको छ, यो बेठिक छ ।

● **डा. स्वर्णिम वाग्ले**, उपसभापति, रास्वपा



सरकार निर्वाचित अधिनायकत्वतिर अगाडि बढेको छ । अध्यादेश ल्याउनै हुँदैन भन्ने होइन । यो विधि निर्माणको अपवाद मात्रै हो । तर, तपाईंहरू नियमित लयमा ल्याउन खोज्दै हुनुहुन्छ, त्यो आपत्तिजनक छ । माघ ४ मा सार्वजनिक भएको छ । माघ ८ मा संसद् बोलाइएको छ । चार दिनमा के बित्थ्यो ? हामी खरो बहस गर्ने नै छौँ । केही सन्देहमिश्रित अध्यादेश पनि छन्, त्यसको हामी प्रतिरोध गर्नेछौँ ।

# सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्य हुँदै

### नागरिकका अभिलेख सुरक्षित र गोपनीय राखेर कार्यान्वयन गर्न सरकारलाई सर्वोच्चको निर्देशनात्मक आदेश

■ राष्ट्रिय परिचयपत्र के-केमा गरिँदै छ

**अनिवार्य ?**



- राहदानी बनाउन
- सामाजिक सुरक्षा भत्ता लिन
- पेन्सन लिन
- बैंक खाता खोल्न
- घरजग्गा कारोबार गर्न
- कम्पनी दर्ता गर्न
- स्वास्थ्य बिमा गर्न

● **प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको इजलासबाट जारी आदेशमा भनिएको छ–**

अझै पनि राष्ट्रिय परिचयपत्र प्राप्त गर्न नसकेका नेपाली नागरिकको संख्या ठुलो रहेको विपक्षीहरूको लिखित जवाफमार्फत पेस गरेको तथ्यांकबाट देखिएको छ । ... राष्ट्रिय परिचयपत्र प्राप्तिका बारेमा सबै नागरिकलाई जानकारी गराउन सूचना प्रवाह गर्ने कार्यमा थप प्रभावकारिता ल्याउने कार्य गर्न, नागरिकका वासस्थाननजिकको विन्दुमा पुगी नेपाली नागरिकतासमेतका आधारमा नागरिकका व्यक्तिगत तथा जैविक विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरणको कार्य यथाशीघ्र सम्पन्न गरी राष्ट्रिय परिचयपत्र नभएकै कारणले सार्वजनिक सेवा प्रवाहमा व्यहोर्नुपरेको झन्झट, असहजता र कठिनाइको अन्त्य गर्नू ।



● **युवराज कटेल**, महानिर्देशक
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सर्वोच्चको फैसलामा उल्लेख भएअनुसारको आदेशअनुसार यसको कार्यान्वयनलाई अघि बढाउँछौँ । फैसलाले कार्यान्वयनलाई सहज बनाइदिएको छ । अब विवरण संकलनको कार्यलाई थप तीव्रता दिन्छौँ । कार्यान्वयनका लागि सरोकारवालाहरूसँग एकपटक छलफल गरेर परिपत्र गर्छौं ।


**शिल्पा कर्ण**/नयाँ पत्रिका

सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्न सरकारलाई बाटो खुलेको छ । सर्वोच्च अदालतको पूर्ण इजलासले परिचयपत्रको अवधारणा कसैको लहडमा आएको नभई अन्तर्राष्ट्रिय अभ्याससमेत हेरी ल्याइएको निष्कर्ष निकाल्दै नागरिकलाई झन्झट नहुने गरी

» पृष्ठ २ मा क्रमशः

विवादमा प्रहरीसम्बन्धी विधेयक

# संगठनमाथि राजनीतिक हस्तक्षेप बढाउने चिन्ता


विधेयक संख्या :-

नेपाल प्रहरी सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

गृह मन्त्री

**विधेयकमा रहेको प्रहरी परिचालनसम्बन्धी प्रावधान विवादित छ । विधेयकको दफा ७(२) मा 'नेपाल प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयले गर्नेछ' भन्ने प्रावधान छ । यसले प्रहरीको चेक अफ कमान्डमा गृहबाट हस्तक्षेप हुन सक्ने आशंका बढाएको छ ।**

**नवराज मैनाली**/नयाँ पत्रिका

संसद्मा दर्ता भएको नेपाल प्रहरीसम्बन्धी विधेयकले संगठनमाथि सरकारको हस्तक्षेप बढ्ने देखिएको छ । प्रहरीको नियन्त्रण गृह मन्त्रालयले गर्ने तथा आइजिपीको नियुक्तिमा अहिलेको भन्दा स्वविवेकी अधिकार दिइएपछि यसले संगठनलाई नै कमजोर बनाउने भन्दै पूर्वप्रहरी अधिकारीहरूले चिन्ता व्यक्त गरेका छन् ।

खासगरी विधेयकमा रहेको प्रहरी परिचालनसम्बन्धी प्रावधान विवादित छ । विधेयकको दफा ७(२) मा 'नेपाल प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयले गर्नेछ' भन्ने प्रावधान छ । यसले प्रहरीको चेक अफ कमान्डमा गृहबाट हस्तक्षेप हुन सक्ने आशंका बढाएको छ ।

अवकाशप्राप्त प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले यस्तो प्रावधानले बर्दीधारी प्रहरी संगठन सीधै 'सिभिलियन'को हातमा जाने बताए । 'अहिलेसम्म मन्त्रिपरिषद्को निर्णयबाट प्रयोग गर्दै आएको अधिकारलाई अब गृह मन्त्रालयले सीधै प्रयोग गर्न थाल्दा कस्तो अवस्था देखिएला, सजिलै अनुमान गर्न सकिन्छ,' उनले भने, 'यस्तो व्यवस्थाले प्रहरी संगठनमा मात्र होइन, समग्र देशकै शान्ति-सुरक्षामा गम्भीर असर पर्छ । प्रहरीको मनोबल उकास्नुपर्नेमा झनै खस्किने अवस्था सिर्जना हुन्छ । यसले निजामती र बर्दीधारीबिचको भिन्नता मेटाउनेछ । यसको घातक परिणाम देखिन सक्छ ।'

स्रोतका अनुसार सुरुमा अपराध

» पृष्ठ २ मा क्रमशः

### प्रहरी संगठनमा मात्र होइन, शान्ति-सुरक्षामै गम्भीर असर पर्छ

● **ठाकुरप्रसाद ज्ञवाली**
अवकाशप्राप्त प्रहरी महानिरीक्षक



अहिलेसम्म मन्त्रिपरिषद्को निर्णयबाट प्रयोग गर्दै आएको अधिकारलाई अब गृह मन्त्रालयले सीधै प्रयोग गर्न थाल्दा कस्तो अवस्था देखिएला, सजिलै अनुमान गर्न सकिन्छ । यस्तो व्यवस्थाले प्रहरी संगठनमा मात्र होइन, समग्र देशकै शान्ति-सुरक्षामा गम्भीर असर पर्छ । प्रहरीको मनोबल उकास्नुपर्नेमा झनै खस्किने अवस्था सिर्जना हुन्छ । यसले निजामती र बर्दीधारीबिचको भिन्नता मेटाउनेछ । यसको घातक परिणाम देखिन सक्छ ।

### प्रहरी नेतृत्वसँग छलफलबाटै यो प्रावधान अघि बढेको हो

● **रामचन्द्र तिवारी**, प्रवक्ता, गृह



अहिले पनि प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयबाटै हुँदै आएको छ, प्रहरी नेतृत्वसँग छलफलपछि नै यो प्रावधान अघि बढेको हो । यसले प्रहरी कमजोर हुने भन्ने हुँदैन ।

### आइजिपी नियुक्तिमा झनै मनोमानीको जोखिम

यसअघिको प्रहरी ऐनमा प्रहरी महानिरीक्षकको बढुवामा ज्येष्ठतालाई पहिलो नम्बरमा राखिएको थियो । अहिलेको विधेयकमा कार्यकुशलता र कार्यक्षमतालाई प्राथमिकता दिँदै ज्येष्ठतालाई तेस्रो नम्बरमा



राखिएको छ । यस्तो प्रावधानले आइजिपी नियुक्तिमा थप चलखेल बढाउने प्रहरी अधिकारीको चिन्ता छ । अहिले पनि हरेकपटक अत्यधिक चलखेलका कारण अन्तिम समयमा आइजिपीको नियुक्ति हुने गरेको छ । धेरै नियुक्ति विवादमा पर्दै आएका छन् ।

# कोशीका पूर्वमुख्यमन्त्री राई चढ्छन् नियमविपरीत सरकारी गाडी

विराटनगरमा **गणेश लम्साल**

कोशीका पूर्वमुख्यमन्त्री तथा एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले नियमविपरीत सरकारी गाडी चढ्ने गरेका छन् । उनले एक वर्षदेखि मुख्यमन्त्री कार्यालयको प्रदेश १-०४-००१ झ ००५३ नम्बरको स्कारपिओ गाडी, चालक र इन्धन सुविधा लिइरहेका छन् ।

केदार कार्की नेतृत्वको तत्कालीन सरकारले ६ माघ ०८० मा अध्यादेशमार्फत प्रदेश सभाका पदाधिकारी तथा सदस्यको सेवा तथा सुविधासम्बन्धी ऐन संशोधन गर्दै पदाधिकारीको परिभाषामा पूर्वमुख्यमन्त्री र दलका नेताहरूलाई थप गरिदिएपछि उनले पनि गाडी सुविधा पाएका थिए । तर, गत २७ वैशाखमा मुख्यमन्त्री बनेका हिक्मत कार्कीले अध्यादेश खारेज निष्क्रिय गरिदिएपछि राईले पाएको गाडी सुविधा अवैध बनेको थियो । अध्यादेश संसद्मा पेस नहुँदै सरकार फेरिएको थियो, जसकारण अध्यादेश निष्क्रिय भएको थियो । राईले भने अध्यादेश खारेज भएको सात महिना बित्दा पनि गाडी चढ्दै आएका छन् ।

पूर्वमुख्यमन्त्री राईले आफूलाई सरकारले गाडी फिर्ता गर्नु पनि नभनेको बरु सोध्दाखेरि

» पृष्ठ २ मा क्रमशः






● गृहजिल्ला भोजपुरमा रहेका पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राईले शुक्रबार नयाँ पत्रिकासँग भने, 'मैले चालक र इन्धन सुविधा लिएको छैन, गाडी मात्र प्रयोग गरेको हुँ, फिर्ता गर्नुपर्ने भए जिल्लाबाट फर्केपछि सोधेर फिर्ता गर्छु ।'

### अदालतको आदेश आएको ११ दिनपछि गाडी फिर्ता गरे पूर्वमुख्यमन्त्री थापाले

कोशीका पूर्वमुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता उद्धव थापाले अदालतको आदेशको ११ दिनपछि शुक्रबार सरकारी गाडी फिर्ता गरेका छन् । उच्च अदालत विराटनगरले गत ७



माघमा अन्तरिम आदेश गर्दै थापालाई गाडी, सवारीचालक र इन्धन सुविधा उपलब्ध गराउने प्रदेश सरकारको १३ असोजको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । सुरक्षा थ्रेट बढेको भन्दै सरकारले पूर्वमुख्यमन्त्री थापालाई को.१ज ६५३ नम्बरको स्कारपियो गाडी, चालक र मासिक १२५ लिटर पेट्रोल दिँदै आएको थियो । हुन त उनले सरकारले निर्णय गर्नुअघि नै प्रदेश सभाले उपलब्ध गराएको गाडी चढ्दै आएका थिए । कोशी प्रदेश सभा सचिवालयका प्रवक्ता गौतमराज अमात्यले पूर्वमुख्यमन्त्री थापाले प्रयोग गर्दै आएको गाडी शुक्रबार फिर्ता भएको बताए । प्रदेश सरकारले शक्ति पृथकीकरण र नियन्त्रणको सिद्धान्तलाई छलेर ऐन नबनाई व्यक्तिगत रूपमा सत्तारूढ दल भएकै कारण थापालाई मात्र सुविधा दिएको भन्दै रिट दायर भएको थियो ।

# संसद्को सम्बोधनमा कसले के भने ?

## ■ सरकारको बचाउमा सत्तापक्ष

नयाँ पत्रिका

संसद्को हिउँदे अधिवेशनको पहिलो दिन प्रधानमन्त्री केपी ओलीले आफ्नो सरकारले ६ महिनामा उल्लेखनीय उपलब्धि हासिल गरेको दाबी गर्दै अध्यादेशलगायत विषयको बचाउ गरेका छन् । शुक्रबार संसद्मा एक घण्टाभन्दा लामो सम्बोधन गरेका प्रधानमन्त्री ओलीले अधिवेशनसम्म कुर्ने समय नभएकाले अध्यादेश ल्याउनुपरेको दलिल पेस गरे ।

'सुधारको जुन हुटहुटीले संसद्का दुई ठुला दलहरूको नेतृत्वमा यो सरकार निर्माण भयो, त्यसलाई 'संसद्को अधिवेशन आउँदै छ- पर्खनुस्' भन्ने समय थिएन । संसद् नभएको वेला, संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तिमा ढिला हुने अवस्था वा यस्तै वेलामा त हो सरकारले अध्यादेश जारी गर्ने,' प्रधानमन्त्री ओलीले भने, 'अध्यादेशको सन्दर्भमा धेरै माननीयहरूले 'कन्टेट होइन, प्रोसस'मा प्रश्न गर्नुभएको मैले सुनेको छु । केही साथीहरूले सोध्नुभएको छ- संसद्लाई छलेर किन अध्यादेश ल्याएको ? त्यस्तो प्रश्न सोध्ने साथीहरूलाई पनि थाहा छ- अध्यादेश ल्याउने भनेको संसद् नचलेकै वेलामा हो । संविधानले नै संसद् नचलेका वेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, होइन र ?'

सम्बोधनमा प्रधानमन्त्री ओलीले हिउँदे अधिवेशनले नयाँ विधेयक पारित गरी ऐतिहासिक रेकर्ड कायम गर्ने दाबी गरे । 'सदनमा हामी कोही सरकार पक्षमा छौँ, कोही प्रतिपक्षमा । यो हामीले रोजेको लोकतान्त्रिक प्रणाली हो । तर, जनताको हित र राष्ट्रलाई अलमलबाट मुक्त गरी तीव्र विकासमा लैजान कोही पनि अनिवार्य रूपमा प्रतिपक्ष हुनुपर्दैन । यस कार्यमा सबै मिलेर अगाडि बढ्नुपर्छ,' उनले भने, 'यस अधिवेशनले आवश्यक कानुन निर्माण गरेर विकासको गतिलाई तीव्र पार्ने नयाँ रेकर्ड राख्नेछ भन्नेमा विश्वस्त छु । विधेयक ल्याउने काम सरकारको हो, सदनलाई आवश्यक बिजनेस प्रदान गर्नु सरकारकै जिम्मेवारी हो । सबैले नियमअनुसार सदन सञ्चालन गरौँ र आफ्ना विचार अभिव्यक्त गरौँ ।'

०८७ मा मात्र संविधान संशोधन हुने अभिव्यक्तिले सत्तारूढ दल कांग्रेसभित्रै असन्तुष्टि जन्मेका वेला प्रधानमन्त्री ओलीले सदन सम्बोधनमा भने समय तोकेनन्, प्रक्रियाको मात्र विषय राखे । उनले प्रधानमन्त्री ओलीले सातबुँदे सहमतिअनुसार संविधान संशोधनका लागि विज्ञ सम्मिलित कार्यदल बनिसकेको र संशोधनको विषय पहिचानपछि विधेयकका लागि प्रस्ताव बनाइने बताए ।

प्रधानमन्त्री ओलीले अहिलेको सरकार बनेपछि सत्ताको खेलमा बन्ध्याकरण भएको सुनाए । साथै, संसद्समक्ष बारम्बार विश्वासको मत लिनुपर्ने तमासाबाट आफूहरू मुक्त भएको बताए । 'गएको ६ महिनामा हाम्रो संसदीय राजनीतिमा दोहोऱ्याउनु नपरेको एउटा सुखद् पक्ष म यहाँ उल्लेख गर्न चाहन्छु- सत्ताको नाउँमा प्वाल पारेर फुत्त अर्कै डुंगा चलाउने र मुलुक एवं जनतालाई तिरस्कार गर्दै सत्ता-पत्ता खेलिरहने विद्रुप स्थितिमा अब बन्ध्याकरण भएको छ,' उनले भने ।

माओवादी अध्यक्ष प्रचण्डले अप्राकृतिक रूपमा बनेको सरकार लामो समय नजाने दाबी गरिरहेका वेला प्रधानमन्त्रीले जवाफ दिएका छन् । उनले सरकारसँग पार्टी टुक्र्याउने र भत्काउने मेन्यु नभएको बताए । 'विपक्षमा रहेका साथीहरूले एउटा कुरामा आफ्नो समय व्यर्थै खेर फालेजस्तो लागिरहेको छ । सरकार ढल्छ, ढल्नै लाग्यो । पुस मसान्त, माघे संक्रान्ति काट्दैन, आदि-इत्यादि भनिरहेका छन् । यस्तो गायन मनोरञ्जनका मञ्चमा गाउनु राम्रो हुन्छ, राजनीतिका मञ्चमा गाउन बन्द गरौँ,' ओलीले भने ।

प्रधानमन्त्री ओलीले कसैसँग 'दम भए भ्रष्टाचारको प्रमाण ल्याउन' चुनौती पनि दिए । 'म फेरि पनि दावासाथ भन्छु, दुनियाँको अगाडि उभिएर भन्न चाहन्छु, म भ्रष्टाचार गर्दिनँ, गर्न पनि दिन्नँ । भ्रष्टाचार गरेको कुनै पनि मात्रामा, कुनै पनि ठाउँमा, कुनै पनि सन्दर्भमा प्रमाण छ कुरा ल्याओस्', उनले भने ।

सत्तारूढ दल कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारले राम्रो काम गरेको भन्दै केही दिनअघि जारी अध्यादेशको प्रतिरक्षा गरेका छन् । 'हालै सरकारले व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, देशभित्र र बाहिरबाट लगानीको अनुकूल वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याएको छ । यसले देशको आर्थिक अवस्थामा सुधार ल्याउने विश्वास गरेको छु । सुशासनको सुनिश्चितता र सेवाप्रवाहमा सहजताका लागि पनि सरकारले कानुन बनाएको छ । यी कानुनहरूले देशमा सुशासन कायम गर्ने, भूमिहीन सुकुम्बासी एवं अव्यवस्थित बसोवासको समस्या समाधान गर्ने र सहकारीको क्षेत्रमा देखा परेको समस्या समाधान गर्नेछ,' उनले भने, 'यी कानुनहरूले आर्थिक क्षेत्रमा क्रियाशील निजी क्षेत्र उत्साहित र सकारात्मक भएको छ । ती अध्यादेशहरू सम्मानित सदनबाट स्वीकृत हुनेछन् । पछि पेस हुने प्रतिस्थापन विधेयकमा आवश्यक भए थप परिमार्जन गरी पारित गर्न म आग्रह गर्दछु ।' कांग्रेस-एमालेको सातबुँदे सत्ता सहयात्राको सहमतिअनुसार सरकार यस दिशामा अगाडि बढिरहेको उनको भनाइ छ । 'वर्तमान सरकार गठन भएको साढे ६ महिना पूरा भएको छ । विगतमा सरकार स्थिर हुन नसकेका कारण देशको राजनीतिक र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको हुँदा यो सरकार गठन गरिएको हो,' उनले भने, 'कांग्रेस र एमालेबिच सातबुँदे सहमति भएर सरकार गठन भएको हो । हामी दुवै दलका साथै अन्य राजनीतिक दलहरूको पनि सरकारमा सहभागिता र समर्थन रहेको छ । सातबुँदे सहमति कार्यान्वयन गर्ने विषयमा नेपाली कांग्रेस दृढ छ ।'

एमाले सचिव तथा सांसद योगेश भट्टराईले एकीकृत समाजवादीतर्फ लक्षित गर्दै अध्यादेशबाट जन्मिएको पार्टीले सरकारले अध्यादेश ल्यायो भन्दै विरोध गर्नु आश्चर्यको विषय भएको बताएका छन् । 'आज मलाई अचम्म त यो लागिरहेको छ कि जुन पार्टी अध्यादेशबाट जन्मिएको हो, त्यही पार्टीले अध्यादेश ठिक छैन भनिरहेको छ,' भट्टराईले भने, 'अध्यादेशबाट जन्मिएको छ, अध्यादेश नै ठिक छैन भनिरहेको छ । योचाहिँ अचम्म हुन लागेको छ नेपालमा ।'



सम्बोधन गर्न जाने वेला आफ्नो लिखित भाषण विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डलाई दिँदै प्रधानमन्त्री केपी ओली । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

## ■ विरोधमा विपक्ष

नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष दल माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले सरकारको कार्यसम्पादन, अध्यादेश र संविधानसँग जोडिएका कानुन निर्माणमा भइरहेको ढिलाइबारे प्रश्न उठाएका छन् । उनले सरकार प्रतिपक्षसँग संवाद गरेरभन्दा पेलेरै जाने नीतिमा रहेको आरोप लगाए ।

'कालोबजारी नियन्त्रण र जनजीविकाका सवालमा सरकारले ध्यान दिइरहेको छैन । जनता महँगीको मारमा छन् । निर्माण सामग्रीको मूल्य बढेको छ । साथसाथै सहकारीपीडितको रकम फिर्ताको विषय अझै सम्बोधन हुन सकेको छैन । सबैसँग बसेर छलफल गरेर अगाडि बढ्नेभन्दा पनि कतिपय अवस्थामा सरकार दमनको तरिकाले उत्रिएको आभास भइरहेको छ,' उनले भने ।

प्रमुख सचेतक पाण्डेले सरकारले विधेयक ल्याउँदा प्रक्रियासमेत मिचेको आरोप लगाए । 'सरकारले अध्यादेश ल्याउँदा नीति, नियम, कानुन र प्रचलित अभ्यास तोड्ने काम गरेको छ, यो गलत छ । हामी यसको विरोध गर्दछौँ । संविधानमा नै व्यवस्था रहेकाले अध्यादेश ल्याउन पाइन्छ, आवश्यक परे ल्याउनु पनि पर्छ । तर, त्यसमा पनि व्यवस्था छन्,' उनले भने, 'संविधान र नियमावली उपेक्षा गर्न मिल्दैन । सरकार संसद्लाई मिनिमाइज गर्ने र अध्यादेशबाट अगाडि जान खोजिरहेको छ, यो बेठिक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछानेलाई निलम्बन गर्ने सभामुख देवराज घिमिरेको निर्णयलाई कानुनी चुनौती दिने उद्घोष गरेको छ । सोमबार प्रतिनिधिसभालाई सम्बोधन गर्दै रास्वपा सांसद डा. स्वर्णिम वाग्लेले सभापति लामिछानेविरुद्ध सिंगो राज्य संयन्त्रको दुरुपयोग गरेर प्रतिशोध साधिएको आरोप लगाए । उनले न्यायिक प्रणालीप्रति रास्वपाको विश्वास रहेको बताए ।

'यस सम्मानित सदनमा आज एउटा विशेष अनुपस्थिति छ । नेपालको संसदीय इतिहासमा ५०-५० हजार मतको हाराहारीमा दुई-दुईपटक विजयी भएका चितवन २ का सांसद् रवि लामिछाने यहाँ उपस्थित हुनुहुन्न । संविधानभन्दा बाहिरबाट उहाँको निलम्बन गरिएको छ । त्यसको कानुनी उपचार खोज्छौँ,' उनले भने, 'हामीले औपचारिकताका लागि सभामुखलाई निलम्बनप्रति आपत्ति छ, फुकुवा गरिदिनुस् भनेर जानकारी गराएका छौँ । रवि लामिछानेमाथि सिंगो राज्यशक्ति प्रतिशोध र पूर्वाग्रहका साथ खनिएको छ । अदालतको विषयमाथि टिप्पणी गर्दैनौँ । न्याय प्रणालीप्रति पूर्ण भरोसा छ ।'

वाग्लेले लामिछानेको मुद्दामा प्रतिशोध साधेको आधार स्पष्ट रहेको बताए । वाग्लेले सबै भ्रष्टाचार प्रकरणमाथि अनुसन्धानका लागि संसदीय समिति गठनको माग उठाउने बताए । सहकारी ठगीमा सरकारले एक व्यक्तिको पछि लागेर गर्नुपर्ने कामको अवसर गुमाएको वाग्लेको भनाइ थियो । 'संसदीय समितिले कुनै पनि सहकारीबाट रकम झिक्ने प्रक्रियामा रवि लामिछानेको संलग्नता छैन । तर, आइसकेको रकम एउटा निजी कम्पनीमा आए पनि उनको जे दायित्व र जिम्मेवारी देखिन्छ, त्योचाहिँ मौजुदा कानुनअनुसार अगाडि बढाऊ भनिएको छ । त्यसरी सुरु भएको मुद्दा कहाँ पुऱ्याउनुभयो तपाईंहरूले ? संगठित अपराध र सम्पत्ति शुद्धीकरण ! अरूले खनेको खाडलमा आफैँ पर्छु कि भन्ने माननीय सांसदहरूलाई लाग्छ कि लाग्दैन ?' उनले भने, 'हाम्रो अब चिरस्थायी माग हुनेछ । नेपालको जाँचबुझ आयोग ऐनअन्तर्गत पूर्वप्रधानन्यायाधीश वा न्यायाधीशको अध्यक्षतामा न्यायिक आयोग अब गठन हुनुपर्नेछ । सबै राजकीय पद ग्रहण गरेका नेताहरूको सम्पत्ति छानबिन गर्ने गरेर अगाडि जानुपर्नेछ । र, अहिले चलनचल्तीमा आएका सबै काण्डको पनि अब एक-एक गरेर हामी संसदीय छानबिन माग गर्नेवाला छौँ । भुटानीदेखि कम्बोडियासम्म, वाइडबडीदेखि एनसेलसम्म, बालुवाटारदेखि गिरीबन्धुसम्म, यी सबैको छिनोफानो हामीले गर्नुपर्नेछ ।'

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रधानमन्त्रीले ६ महिनामा भएका भनेर सुनाएका उपलब्धि नियमित प्रक्रियाका काम मात्र रहेको बताए । 'कांग्रेस-एमाले मिलेर बनेको सरकारको उपलब्धि यही हो, यो हेर्ने हो भने त मुलुकमा सरकार छैन । नियमित कामलाई सरकारले उपलब्धि भन्ने ? सुशासन, निराशा चिर्ने के काम गऱ्यो ? त्यसैले सरकारको ६ महिना निराशाजनक छ । कांग्रेस-एमाले सरकारले सुधार गरोस्,' उनले भने ।

सरकार भ्रष्टाचार र भ्रष्टाचारीको संरक्षणमै लागिराखेको लिङ्देनले बताए । 'राजस्व अनुसन्धान विभाग प्रधानमन्त्रीमातहत राखिएको छ । त्यसले अहिले पनि प्रधानमन्त्रीमातहत छौँ, कुनै नेतालाई नभन्नू, भन्यो भने दुःख पाउनुहुन्छ भनेर व्यापारीलाई सताएर पैसा उठाइएको छ,' उनले भने, 'अहिले कुन व्यापारीको पसलमा छापा माऱ्यो भनेर बिल नमिलेको सामान नभेटिएला ? खुला बोर्डरबाट छोडिदिएको छ । छापा मार्ने अनि सल्लाह गर्न आऊ भन्ने भइरहेको छ ।'

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले सरकारले ६ महिनासम्म काम देखाउन नसकेको र संसद् अधिवेशनको पूर्वसन्ध्यामा अध्यादेश ल्याएर 'राम्रा काम गरिरहेका छौँ' भनेर देखाउन खोजेको बताए । 'अब केही दिनमा अधिवेशन सुरु हुँदै छ भन्ने जानी-जानी हतार-हतार किन अध्यादेश ल्याइयो ? दुईवटा ठुला पार्टीले ६ महिनाको बिचमा केही देखाउन सकेनन्, अध्यादेशबाट राम्रा काम गरिरहेका छौँ, ढोका खोल्यौँ भनेर देखाउन ल्याइयो,' उनले भने, 'अध्यादेशको ट्रेन्डले के देखाउँछ भने दलभित्र छलफल गर्ने ठाउँ छैन भनेर बाध्य पार्ने प्रवृत्ति हो ।

जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले नियमित कामलाई उपलब्धि भनेर प्रधानमन्त्री ओलीले आफैँलाई ढाँटेको बताए । 'प्रमले श्वेतपत्र जारी गर्न सक्नुपर्थ्यो । आर्थिक अवस्था, सुशासन, मानव सूचकांक यो छ, ०८४ सम्म यो गर्छु, गर्न सकिनँ भने ०८४ को चुनावमा भाग लिन्नँ भन्ने प्रतिबद्धतासहित आउनुपर्थ्यो,' उनले भने ।

### प्रधानमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

**प्रधानमन्त्रीको भने** अर्थतन्त्रमा नगद प्रवाह गर्न सरकार बन्नेबित्तिकै लामो समयदेखि भुक्तानी नदिने सरकारी रबैयालाई परिवर्तन गऱ्यौँ । निर्माण व्यवसायीको कानुनसम्मत रूपमा सिर्जना भएको, तर भुक्तानी नभएको विगत आर्थिक वर्षदेखिको ३० अर्ब रुपैयाँको दायित्व फरफारक गरेका छौँ ।

■ **यो लुकाए–** निर्माण व्यवसायीले अझै भुक्तानी पाउन बाँकी छ । आन्दोलनरत निर्माण व्यवसायी महासंघलाई १६ माघमा मात्रै प्रधानमन्त्री कार्यालयले वार्तामार्फत समस्या समाधानको आश्वासन दिइएको छ । प्रधानमन्त्रीका आर्थिक सल्लाहकार युवराज खतिवडाको नेतृत्वमा निर्माण क्षेत्रको समस्या सामाधानका लागि त्यही दिन कार्यदल बनेको छ ।

**प्रधानमन्त्रीको भने** अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्यांकन (क्रेडिट रेटिङ)को कार्य सम्पन्न भएको छ । नेपालले पाएको रेटिङ डबल बी माइनस दक्षिण एसियामा भारतपछिकै उच्च हो । विदेशी मुद्रा सञ्चिति उच्च हुनु, आर्थिक वृद्धिमा सुधार हुँदै जानु र देशले राजनीतिक स्थिरता पाउनुले यो उपलब्धि हासिल गर्न सकिएको हो ।


■ **यो लुकाए–** नेपालले प्राप्त गरेको यो रेटिङ 'नन इन्भेस्टमेन्ट ग्रेड'अन्तर्गत रहेको छ । यसले लगानीको वातावरण कमजोर रहेको, तर सुधारको अवसर कायम रहेको देखाउँछ । नेपालले इन्भेस्टमेन्ट ग्रेड हासिल गर्न कम्तीमा बिबिबी प्राप्त गर्नुपर्छ । बरु, सरकारले यो रेटिङ देखाएर वैदेशिक ऋण थपिरहेको छ ।

**प्रधानमन्त्रीको भने** यो सरकार आउँदा धुलो उडिरहेको मुग्लिन-पोखरा सडक आज चिल्लो र आकर्षक भएको छ ।

■ **तथ्य यस्तो छ–** पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-पोखरा ८१ किलोमिटर सडक निर्माणाधीन अवस्थामा छ । पूर्वी खण्डमा आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.४५ किलोमिटरमध्ये ३१ किलोमिटर दुईतर्फी र करिब १० किलोमिटर एकतर्फी कालोपत्रे भएको छ । पश्चिम खण्डमा जामुनेदेखि पोखरासम्मको ३८.८८ किलोमिटर क्षेत्रको काम अझ सुस्त गतिमा छ, ४२ प्रतिशत मात्र काम भएको छ । प्रधानमन्त्रीले भनेजस्तो चिल्लो छैन, धुलो उडिरहेकै छ ।

**प्रधानमन्त्रीको भने** उपभोक्ता हित संरक्षणसम्बन्धी आपसमा बाझिएका कानुनमध्ये अप्रासांगिक कानुन खारेज गरिएको छ । प्रतिस्पर्धाको माध्यमबाट वस्तुको मूल्य निर्धारण हुने व्यवस्था गरी एकातिर उद्यमी व्यवसायीलाई अनावश्यक तर्साउने अवस्था हटाइएको र अर्कातिर उपभोक्ता हित संरक्षणलाई अझै मजबुत बनाइएको छ ।

■ **तथ्य यस्तो छ–** बढी मुनाफा लिएर वस्तु तथा सेवा बिक्री गर्नेलाई कारबाही गर्ने कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा भएको २० प्रतिशतभन्दा बढी मुनाफा लिन नपाउने व्यवस्था खारेज गरिएको छ । यो व्यवस्था खारेजपछि उद्योगीले मनलाग्दी मूल्य तोकेर वस्तु तथा सेवा बिक्री गर्न पाउने अवस्था सिर्जना भएको छ । कालोबजार ऐनको उक्त व्यवस्था हटेपछि बजारमा मूल्यवृद्धि नियन्त्रण गर्ने कानुनको अभाव भएको छ । उदाहरणका लागि पछिल्लो समय कृत्रिम मूल्यवृद्धि गरिएको सिमेन्टको भाउ नियन्त्रण गर्न सरकार असफल भइरहेको छ ।



**प्रा.डा. पुष्कर बज्राचार्य,** अर्थशास्त्री

वास्तवमा साँच्चै राम्रो भइसकेको छैन । बाह्य क्षेत्रमा केही राम्रो देखिएको छ । साढे दुई वर्ष शिथिल थियो । तर, अरू देशले जस्तो सुधार गर्न सकेका छैनौँ । राम्रो भइसकेको छैन । ज्यादै कमजोर भएको निम्न अवस्थामा केही सुधार भएको हो । त्यसमा सन्तोष लिइहाल्ने अवस्था छैन । महँगी बढ्यो भनेर फेरि ब्याजदर बढाउनुहुन्न । लगानी बढ्न सकेको छैन । लगानीकर्तामा विश्वासको वातावरण बढ्न सकेको छैन । यस्तो वेलामा ब्याजदर बढ्यो भने अवस्था झन् बिग्रिने हुन्छ । खराब कर्जा झन् देखिँदै जाने अवस्था देखिएको छ । सुधारोन्मुख छ, तर सन्तोषजनक छैन । राम्रो छ भनेर चित्रण गर्नुभन्दा यसलाई सुधार गर्नतर्फ ध्यान दिनुपर्छ ।

## सम्पत्ति शुद्धीकरणको नकारात्मक सूचीको जोखिममा अघिल्लो सरकारलाई आरोप

देश सम्पत्ति शुद्धीकरणको नकारात्मक सूची (ग्रे लिस्ट)मा पर्न लागेको अघिल्लो सरकारका कारण भएको आरोप लगाए । 'सरकारले समयमै काम नगर्दा मुलुकलाई कुन हदसम्म क्षति हुन्छ भन्ने हामीले मनी लाउन्डरिङको मुद्दामा देखि-भोगिसकेका छौँ,' सम्बोधनमा उनले, 'अघिल्ला सरकारको समयमा भएको बेवास्ता र लापरबाहीको परिणाम अहिले मुलुकले भोग्नुपर्ने भएको छ । हाम्रो देश ग्रे लिस्टमा पर्ने खतरा छ ।'

जानकारहरू सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन कार्यान्वयन कमजोर रहेकाले नेपाल यस्तो सूचीमा पर्न लागेको र यसमा दुई दशकदेखिकै कमजोरी छ । सम्पत्ति शुद्धीकरण निवारण ऐन ०६४ मै आए पनि अनुसन्धान र नियमन कमजोर रहँदै आएको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले वर्षमा तीन-चारवटा मात्र मुद्दाको दायर गर्दै आएको छ । ओलीले नै ०७४ मा विभागलाई प्रधानमन्त्री कार्यालयमातहत लगेका थिए । त्यसपछि झनै विभागको नतिजा कमजोर देखिएको छ ।

अन्तर्राष्ट्रिय दबाबकै कारण तीन वर्षअघि कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग गठन भए पनि त्यसले पनि राम्रो काम गर्न सकेको छैन । अन्य नियमनकारी निकायमा अत्यधिक हस्तक्षेपका कारण प्रभावकारी काम हुन नसक्दा देश ग्रे लिस्टमा पर्न लागेको हो । ओलीले यसको सबै दोष अघिल्लो सरकारलाई दिए । सम्पत्ति शुद्धीकरणमा अहिले नेपालको तेस्रो पारस्परिक मूल्यांकन चलिरहेको छ । सन् २०२१ देखि चलिरहेको यो मूल्यांकन अहिले अन्तिम नतिजाको चरणमा पुगेको छ । आगामी फेब्रुअरीमा यसको अन्तिम टुंगो लाग्दै छ ।

### संसद्मा पहिलो...

पृष्ठ १ बाट क्रमशः

प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक अपराह्न १ बजे नयाँ बानेश्वरस्थित संसद् भवनमा बसेको थियो । दुवै सभामा नेताहरूले दलीय आधारमा सम्बोधन गरेका थिए । प्रतिनिधिसभाको बैठक तोकिएको समयअनुसार १ बजे नै सुरु भएको थियो । सभामुख देवराज घिमिरेले कार्यसूची अघि बढाउन खोज्दा रास्वपा सांसदहरू उठेर आकस्मिक समय मागेका थिए ।

तर, सभामुखले अधिवेशनको पहिलो दिन दलीय आधारमा मन्तव्यका लागि छुट्याइएको भन्दै आकस्मिक, शून्य र विशेष समय नरहेको बताए । यद्यपि, रास्वपा सांसदले जरुरी विषय भएको भन्दै समय मागिरहे । सभामुखले नियमित कार्यसूचीमै बोल्न भन्दै नियमावलीको व्यवस्था वाचन गरेर बस्न निर्देशन नै दिए ।

त्यसपछि रास्वपा दलका उपनेता विराजभक्त श्रेष्ठले '१५ मिनेटका लागि बहिष्कार गर्छौं' भनेपछि रास्वपाका सबै सांसद बाहिरिएका थिए । प्रधानमन्त्री ओलीले सम्बोधन गर्दै गर्दा करिब २५ मिनेटपछि रास्वपा सांसदहरू पुनः बैठक कक्षमा प्रवेश गरेका थिए । संसद् सचिवालयका पूर्वसचिव मुकुन्द शर्माले रास्वपाको सांकेतिक विरोध शैली संसदीय व्यवस्थाको सुन्दर व्यवस्था भएको बताए ।

#### निलम्बन फुकुवा गर्न निवेदन

रास्वपा सभापति रवि लामिछानेले सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ अनुसार आफ्नो सांसद पद निलम्बन गर्ने निर्णय सच्याउन माग गर्दै सभामुख देवराज घिमिरेलाई निवेदन दिएका छन् । प्रतिनिधिसभा नियमावलीअनुसार फौजदारी अभियोगमा पुर्पक्षका लागि थुनामा पठाए मात्रै निलम्बन हुने व्यवस्था रहेको भन्दै लामिछानेले निवेदनमा तीनवटा अदालतबाट आफू रिहा भइसकेकाले नियमावलीबमोजिम संसद्को कामकारबाहीमा उपस्थित हुन पाउने गरी निलम्बन फुकुवा गर्न माग गरेका हुन् । आफू थुनामा नरहेको अवस्थामा सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ ले आफूलाई सदनको कार्यसञ्चालन गर्न बाधा-अवरोध नगर्ने भएकाले प्रतिनिधिसभाको नियमावलीको नियम २४८ (५) बमोजिम निलम्बन फुकुवाको जानकारी दिई संसद्को बैठकमा सहभागी हुने वातावरण बनाउन लामिछानेले अनुरोध गरेका छन् । सभामुख घिमिरेले यस विषयमा छलफल र परामर्श गर्ने जवाफ दिएका थिए ।

### सार्वजनिक सेवामा...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय परिचयपत्र नभएकै कारणले सार्वजनिक सेवा प्रवाहमा व्योहोर्नुपरेको झन्झट, असहजता र कठिनाइको अन्त्य गर्न पनि सरकारलाई निर्देशनात्मक आदेश दिएको छ । परिचयपत्रको कार्यान्वयनविरुद्ध परेको रिट खारेज गर्दै सर्वोच्चले सरकारलाई निर्देशनात्मक आदेश दिएको हो । ६ माघमै पूर्ण इजलासबाट यस्तो आदेश जारी भए पनि हालै पूर्णपाठ सार्वजनिक भएको हो ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत तथा न्यायाधीशद्वय अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको इजलासबाट यस्तो आदेश जारी भएको हो । अधिवक्ता रामबहादुर राउत र भरतकुमार बस्नेतले दायर गरेको रिट खारेज गरे पनि माथि सर्वोच्चले तीनबुँदे निर्देशनात्मक आदेश जारी गरेको हो ।

सर्वोच्चले यसबारे प्रभावकारी रूपमा नागरिकलाई सूचना प्रवाह गरी विवरण संकलनको कामलाई यथाशीघ्र सम्पन्न गर्न आदेश दिइएको छ । फैसलामा भनिएको छ, 'अझै पनि राष्ट्रिय परिचयपत्र प्राप्त गर्न नसकेका नेपाली नागरिकको संख्या ठुलो रहेको विपक्षीहरूको लिखित जवाफमार्फत पेस गरेको तथ्यांकबाट देखिएको छ । ... राष्ट्रिय परिचयपत्र प्राप्तिका बारेमा सबै नागरिकलाई जानकारी गराउन सूचना प्रवाह गर्ने कार्यमा थप प्रभावकारिता ल्याउने कार्य गर्न, नागरिकका वासस्थाननजिकको विन्दुमा पुगी नेपाली नागरिकतासमेतका आधारमा नागरिकका व्यक्तिगत तथा जैविक विवरण संकलन गरी राष्ट्रिय परिचयपत्र वितरणको कार्य यथाशीघ्र सम्पन्न गरी राष्ट्रिय परिचयपत्र नभएकै कारणले सार्वजनिक सेवा प्रवाहमा व्योहोर्नुपरेको झन्झट, असहजता र कठिनाइको अन्त्य गर्नू ।'

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेल सर्वोच्चको फैसलापछि यसको कार्यान्वयन गर्न सहज भएको बताउँछन् । 'सर्वोच्चको निर्देशनात्मक आदेश औपचारिक रूपमा त पाइसकेका छैनौँ,' उनले भने, 'फैसलामा उल्लेख भएअनुसारको आदेशअनुसार यसको कार्यान्वायन अघि बढाउँछौँ ।' सर्वोच्चको परमादेशअनुसार विवरण संकलनलाई थप तीव्रता दिई विभिन्न सेवामा यसको प्रयोग अनिवार्य गर्ने विभागको तयारी छ । 'कार्यान्वयनका लागि सरोकारवालासँग एकपटक छलफल गरेर परिपत्र गर्छौं,' महानिर्देशक कट्टेलले भने ।

हाल राहदानी बनाउनका लागि परिचयपत्र नम्बर अनिवार्य गरिएको छ । गत साउनदेखि सामाजिक सुरक्षा भत्ता, पेन्सन तथा कम्पनी दर्ताका लागि अनिवार्य गरिएको थियो । तर, त्यसको आलोचना भएपछि सरकारले केही समयलाई सो निर्णय कार्यान्वयनमा रोक लगाएकोमा पछि सर्वोच्चले अन्तरिम आदेशसमेत दिएको थियो । सर्वोच्चले नागरिकलाई झन्झट नहुने गरी कार्यान्वयनको बाटो खोलेपछि सब सहज भएको राष्ट्रिय परिचयपत्र विभागका अधिकारी बताउँछन् । अब सामाजिक सुरक्षा भत्ता र पेन्सनसँगै स्वास्थ्य बिमा गर्न, बैंक खाता खोल्न तथा केवाइसी अपडेट गर्न, घरजग्गा कारोबार गर्न, सिम कार्ड निकाल्न परिचयपत्र नम्बर अनिवार्य गर्ने तयारी छ ।

परिचयपत्रमा प्रयोग हुने अंकले नेपाली भाषालाई दीर्घकालीन क्षति पुग्ने सर्वोच्चमा रिट दिने निवेदकको दाबी थियो । परिचयपत्रका लागि सिन्दुर-पोते, टोपी, दौरा-सुरवाल फुकाल्न बाध्य बनाइएकोजस्ता कारणले पनि यो लागू हुन नहुने निवेदकको तर्क थियो । अन्तर्राष्ट्रिय मान्यता र संविधानको परिपालना नगरेकाले परिचयपत्र रद्द र बन्द गर्न रिटमा माग गरिएकोमा रिट खारेज गर्दै सर्वोच्चले निर्देशनात्मक आदेश जारी गरेको हो । परिचयपत्रको अवधारणा कसैको लहडमा आएको नभई अन्तर्राष्ट्रिय अभ्याससमेत हेरी ल्याइएको पूर्ण इजलासको निष्कर्ष छ । नागरिकको तथ्यांक राज्यले अपराध नियन्त्रण र सुरक्षाका लागि पनि लिने भएकाले यस्ता विवरण संकलन रोकिन नमिल्ने फैसलामा छ ।

#### गोपनीयता सुरक्षित राख्न आदेश

सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्रमा रहेका अभिलेख तथा नागरिकको गोपनीयता सुरक्षित राख्न सरकारलाई निर्देशनात्मक आदेश दिएको छ । 'राष्ट्रिय परिचयपत्रका विवरण वैज्ञानिक तरिकाले अभिलेखीकरण गरी व्यक्तिका सूचना अनधिकृत प्रयोग वा दुरुपयोग हुन नदिने, राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्बर प्रयोग गरी सेवा प्रदान गर्ने अन्य निकायका लागि प्रणालीको सुरक्षा संपरीक्षण गर्ने तथा व्यक्तिका विद्युतीय विवरण सुरक्षित र गोपनीयताको संरक्षण गरी राख्ने कुराको प्रत्याभूतिका लागि जो जे गर्नुपर्ने नीतिगत, कानुनी, संरचनगत प्रबन्धको विकाससमेत गर्नू-गराउनू,' पूर्णपाठमा भनिएको छ । साथै परिचयपत्र वितरण सहज रूपमा गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा परिचयपत्रका लागि विवरण संकलन तथा वितरणका लागि पर्याप्त स्टेसन वा इकाइ खडा गर्न आदेश भएको छ । सरकारका अनुसार ०७५ देखि विवरण संकलन भएकोमा हालसम्म एक करोड ६१ लाख नागरिकले परिचयपत्र पाइसकेको अभिलेख छ । साथै, ६५३ इकाइबाट विवरण संकलन तथा वितरण भइरहेकोमा जनसंख्याको अनुपातमा सो पर्याप्त नभएको सर्वोच्चको ठहर छ । सर्वोच्चको आदेशअनुसार विवरण संकलन इकाइ थप्ने परिचयपत्र विभागको तयारी छ ।

### संगठनमाथि...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धानको नियन्त्रणसमेत गृह मन्त्रालयबाट हुने प्रावधान राखिएको थियो । प्रहरीले त्यसमा असहमति जनाएपछि हटाइएको हो ।

गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयले गर्ने प्रावधान नयाँ विषय नभएको दाबी गरे । 'अहिले पनि प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयबाटै हुँदै आएको छ, प्रहरी नेतृत्वसँग छलफलपछि नै यो प्रावधान अघि बढेको हो,' उनले भने, 'यसले प्रहरी कमजोर हुने भन्ने हुँदैन ।' तर, यसअघिको ऐनमा यस्तो प्रावधान थिएन ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरकै सहमतिमा विधेयकमा यो प्रावधान राखिएको स्रोतको दाबी छ । तर, पछिल्लो समय अवकाशप्राप्त प्रहरी अधिकारीले यसबाट संगठनको चेन अफ कमान्डमा हस्तक्षेप बढ्ने बताएपछि उनी पनि यसलाई सच्याउनुपर्ने पक्षमा उभिएका छन् ।

#### आइजिपी नियुक्तिमा झनै मनोमानीको जोखिम

नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकको नियुक्तिमा ज्येष्ठताभन्दा कार्यकुशलता र कार्यक्षमतालाई आधार बनाउने प्रस्ताव सरकारले गरेको छ । संसद्मा गत मंगलबार दर्ता भएको नेपाल प्रहरी र सशस्त्र प्रहरीको विधेयकमा यस्तो व्यवस्था छ ।

यसअघिको प्रहरी ऐनमा प्रहरी महानिरीक्षकको बढुवामा ज्येष्ठतालाई पहिलो नम्बरमा राखिएको थियो । अहिलेको विधेयकमा कार्यकुशलता र कार्यक्षमतालाई प्राथमिकता दिँदै ज्येष्ठतालाई तेस्रो नम्बरमा राखिएको छ । यस्तो प्रावधानले आइजिपी नियुक्तिमा थप चलखेल बढाउने प्रहरी अधिकारीको चिन्ता छ । अहिले पनि हरेकपटक अत्यधिक चलखेलका कारण अन्तिम समयमा आइजिपीको नियुक्ति हुने गरेको छ । धेरै नियुक्ति विवादमा पर्दै आएका छन् ।

प्रहरीको विधेयकको दफा १२ मा भनिएको छ, 'नेपाल सरकारले जनपद प्रहरी समूहका प्रहरी अतिरिक्त महानिरीक्षकमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा जनपथ प्रहरी समूहका प्रहरी नायव महानिरीक्षकमध्येबाट सामान्यतया वहालवाला प्रहरी महानिरीक्षक अवकाश हुनुअगावै कार्यकुशलता, कार्यक्षमता, ज्येष्ठता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा एकजनालाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्नेछ ।' सशस्त्र प्रहरीको विधेयकमा पनि यस्तै प्रावधान छ । 'कार्यकुशलता र कार्यक्षमताको मूल्यांकन गर्ने वस्तुगत प्रणाली छैन,' एक उच्च प्रहरी अधिकारी भन्छन्, 'जसकारण कार्यक्षमताको नाममा ज्येष्ठ अधिकृतलाई पन्छाएर आफूअनुकूल नियुक्त गर्ने सम्भावना हुन्छ ।'

हाल कार्यान्वयनमा रहेको ऐन र नियमावलीमा ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा एकजनालाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्ने उल्लेख छ । ज्येष्ठताको प्रावधानलाई पछि राख्नुको उद्देश्य नै प्रतिस्पर्धीमध्ये जोसुकैलाई छान्न सकिने व्यवस्था गर्न खोजिएको छ । प्रहरी महानिरीक्षकमा गृह मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले नियुक्त गर्ने हालको प्रावधान छ ।

अर्कोतर्फ, नेपाल प्रहरी र सशस्त्र प्रहरीका आइजिपीको बढुवामा सिफारिस समिति राख्ने प्रस्ताव दुवै संगठनले गरेकोमा अस्वीकृत भएको छ । गृह मन्त्रालयले मंगलबार संसद्मा दर्ता गरेको नेपाल प्रहरी र सशस्त्र प्रहरीको विधेयकमा एआइजी वा डिआइजीमध्येबाट सीधै बढुवा गर्ने प्रावधान छ ।

नेपाल प्रहरी र सशस्त्रले लोकसेवा आयोगको नेतृत्वमा यस्तो बढुवा समितिको प्रस्ताव गरेका थिए । पछि गृह मन्त्रालयले सचिवको नेतृत्वमा समिति बनाउने प्रस्ताव अघि बढाएपछि विवाद भएको थियो । यस्तो समितिले बढुवा प्रक्रिया आफूअनुकूल नहुने भएपछि सरकारले पुरानै व्यवस्था राखेको छ ।

साथै, रिक्त हुनुभन्दा एक महिनाअघि नै बढुवा गर्ने प्रस्ताव पनि अस्वीकृत भएको छ । विधेयकमा 'सामान्यतया वहालवाला प्रहरी महानिरीक्षक अवकाश हुनुअगावै' भन्ने शब्द राखिएको छ ।

### कोशीका...

पृष्ठ १ बाट क्रमशः

'हामी निर्णय गरेर जानकारी गराउँछौँ' भनेकोले गाडी प्रयोग गरिरहेको बताए । गृह जिल्ला भोजपुरमा रहेका पूर्वमुख्यमन्त्री राईले शुक्रबार नयाँ पत्रिकासँग भने, 'मैले चालक र इन्धन सुविधा लिएको छैन गाडी मात्र प्रयोग गरेको हुँ, फिर्ता गर्नुपर्ने भए जिल्लाबाट फर्केपछि सोधेर फिर्ता गर्छु ।' राई भने वर्तमान सरकारले पूर्वमुख्यमन्त्री उद्धव थापालाई गाडी सुविधा दिएपछि संसद्मा विरोध गर्दै आएका थिए ।

कोशी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूले पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५ अनुसार सभामुख, उपसभामुख, प्रमुख प्रतिपक्षी दलका नेता, सत्तापक्षको प्रमुख सचेतक, प्रमुख प्रतिपक्षी दलको प्रमुख सचेतक, प्रतिपक्षी दलको नेता, सत्तापक्ष दलको सचेतक र प्रदेशसभा समितिका सभापतिले गाडी चढ्दै आएका छन् ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
# झनै नयाँ
शनिबार १२ माघ ०८१ | nayapatrikaofficial | @naya_patrika



# किताब बेच्दै हिंड्दा...

## ■ वैज्ञानिक महावीर पुन भन्छन्- जिन्दगीमा सबसे रमाइलो अनुभूति भइरहेको छ

तीन लाख नेपालीलाई पुस्तक बेचेर वीरगन्जको कृषि औजार कारखाना सञ्चालन गर्ने लक्ष्य लिएर हिँडेका वैज्ञानिक महावीर पुनले एक वर्षमा एक लाख ५५ हजार प्रति पुस्तक बेचे। पुस्तक बेच्दै हिँड्ने क्रममा उनी क्याम्पस, मन्दिर, हाट बजार, कृषि बजार, मेला, महोत्सव, खेलकुद प्रतियोगिता, योग साधना केन्द्र र वनभोज खाने ठाउँमा समेत पुग्छन्।

लक्ष्य



● शान्ति तामाङ

केही दिनयता मधेशका धेरै ठाउँमा बिहानपख हुस्सु र कुहिरोसँगै शीतलहर चलिरहेको छ। हुस्सु र कुहिरोका कारण केही मिटर दूरीकै दृश्य ठम्याउन मुस्किल छ। देहात आफ्नै सुरमा हुन्छ। मधेशका सहर आफ्नै धुनमा हुन्छन्। चोक, गल्ली, चौतारा आफ्नै लयमा हुन्छन्। व्यस्तताबिच एकजना पाको मानिस चोकमा देखा पर्छन्। टाउकोमा क्याप, खुट्टामा चप्पल, छातीसम्म झुन्डिन आइपुगेको चस्मा अनि हातमा माइक। माइक बोकेर भन्न थाल्छन्- म महावीर पुन। आफ्नो आत्मकथाको किताब बेच्न आएको छु। महावीर पुनलाई चिन्नुहुन्छ भने, महावीर पुनको नाम सुन्नुभएको छ भने ल आउनुहोस्, इच्छा हुनेले किताब किन्नुहोस्। यो किताब किनेर वीरगन्जको कृषि औजार कारखाना सञ्चालन गर्न मद्दत गर्नुहोस्।'

माइकको आवाज सुन्नेबित्तिकै कतिपय स्थानीय उनको नजिक पुग्छन्। उनलाई चिन्नेहरूले उनको सपनालाई सघाउन पुस्तक किन्छन्, अटोग्राफ लेख्न लगाउँछन्। कतिपयले उनलाई सम्मान गर्दै खादा माला नै लगाइदिन्छन्। कतिपयचाहिँ महावीरलाई कर्के नजरले हेर्दै छेउ पनि नपरी हिँड्छन्। सायद ती भन्दा हुन्- क्या 'अल्टर' मान्छे।

पुस्तक बेच्दै हिँड्दा महावीर वेलावेला रमाइलो पनि गर्छन्। उनले मान्छेलाई त पुस्तक बेचे-बेचे, रमाइलो गर्दै पशुपक्षी, जनावरसमेतलाई पुस्तक किन्न आउनुस् भने। ६ महिनाअघि सौराहा पुगेका वेला अपलोड गरिएको एक भिडियोमा उनले भनेका थिए, 'ल राप्ती नदीमा भएका माछाहरू, गोहीहरू, चित्तलहरू, बाघहरू, हात्तीहरू! महावीर पुनको किताब किन्न आउनुहोस्। वीरगन्जमा कृषि औजार कारखाना सञ्चालन गर्न महावीर पुनको आत्मकथाको किताब किन्नुहोस्।' उनी वेलावेला बाटोमै नाचिरहेका पनि देखिन्छन्। गत आइतबार सप्तरी पुगेका उनले सामाजिक सञ्जालमा एउटा फोटो पोस्ट गर्दै लेखेका छन्, 'गाउँघरमा यसरी गोबरबाट गुइँठा बनाएर घरमा बाल्ने चलन व्यापक रहेछ। यो काम खासगरी महिलाले मात्र गरेको देखियो। यस्तो कामलाई कसरी सहज बनाएर सहयोग गर्न सकिन्छ भनेर सोच्दै छु। वीरगन्ज कृषि औजार कारखानामा यस्तैयस्तै साधारण औजार पनि बनाउन प्रयास गरिनेछ।'

खोज, अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा तल्लीन हुनुपर्ने वैज्ञानिक किन यसरी चोक-चोकमा कराउँदै हिँडिरहेका छन्? किन किताब बेच्दै डुलिरहेका छन्? यो जिज्ञासा धेरैलाई हुन सक्छ। राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनको एउटै उद्देश्य छ, ३० वर्षदेखि बन्द रहेको वीरगन्जको कृषि औजार कारखानालाई गति दिने, कृषि औजार उत्पादन गर्ने र यसका लागि आवश्यक रकम जुटाउने। 'कृषि कारखाना चलाउन पैसा तुरुन्तै चाहियो। पैसा आउने उपाय कतैबाट छैन। कसैले दिँदैन,' पुन भन्छन्, 'सरकारले पनि पैसा दिँदैन। कसैले पैसा नदिएपछि आफैँले पैसा जुटाएर कारखाना चलाउने भनेर किताब बेच्न हिँडेको हो।' वीरगन्जको कृषि औजार कारखाना चलाउन सरकारले बजेट विनियोजन नगरेपछि उनले आफ्नै जीवनमा आधारित 'महावीर पुन- सम्झना, सपना र अविरल यात्रा' नामक आत्मकथा बेचिरहेका छन्। ७५० रुपैयाँ मूल्य तोकिएको पुस्तक पुनको हस्ताक्षरसहित किन्न पाइन्छ।

हिमाल, पहाड हुँदै अचेल मधेश पुगेका वैज्ञानिक पुन हरेक दिन झिसमिसेमै किताब बेच्न निस्कन्छन् र राति सात-आठ बजेसम्म किताबै बेच्छन्। पुनले कारखाना चलाउने पैसा विभिन्न दातृ निकाय, संघसंस्था, व्यक्तिसँग आफ्नो अभियानबारे प्रचारप्रसार गरेर पनि संकलन गर्न सक्थे। तर, स्वेच्छाले दिनेबाहेक अरूलाई आफ्नो अभियानबारे सुनाएर पैसा देऊ भन्न नसक्ने स्वभावका कारण आफैँ किताब बेच्न लागिपरेका छन्। यसरी किताब बेचेरै आफूलाई सहज भइरहेको पनि उनी बताउँछन्। 'फन्ड कलेक्सन गर्न माग्नुपर्छ। जिन्दगीमा माग्न जानिएको छैन। मनले मान्दा पनि मान्दैन,' उनी भन्छन्।

### किताब बेच्दै स्कुलदेखि वनभोजसम्म

किताब बेच्ने क्रममा उनी सुदूरपश्चिम, कर्णाली, गण्डकी, लुम्बिनी प्रदेशका केही जिल्ला हुँदै अहिले मधेश प्रदेशमा पुगेका छन्। हालसम्म ४० जिल्ला पुगिसकेका उनी चोक-चोकमै किताब बेच्छन्। किताब बेच्नकै लागि विभिन्न संघसंस्थाको कार्यालय, स्थानीय सरकारका कार्यालय, विद्यालय, क्याम्पस, मन्दिर, हाट बजार, कृषि बजार, मेला, महोत्सव, खेलकुद प्रतियोगिता, वनभोज खाने ठाउँ, योग साधना केन्द्र सबैतिर पुग्छन्। आफ्नो कामबारे बताउँछन्। ती सबै ठाउँमा पुगेर युवालाई अभिप्रेरित पनि गर्छन्। जीवनको सात दशकमा हिँडिरहेका उनीसँग किताब बेच्नको लागि ठुलै टिम छ कि झैँ लाग्छ। तर, उनी आफूबाहेक एकजना मात्र सहयोगी लिएर किताब बेच्दै हिँडिरहेका छन्। ती सहयोगी लिएर उनी किताब बेच्न योग साधना केन्द्रमा बिहान ६ बजे नै पुग्छन्। क्याम्पसले बोलाएको दिन साढे ६ बजे नै क्याम्पस हाताभित्र पुगिसक्छन्। मन्दिरमा भक्तजनको भिड हुने समयलाई मध्यनजर गरेर पुग्छन्। हाट बजारमा बेलुका सा-आठ बजेसम्मै किताब किन्न आग्रह गर्दै माइकिङ गर्छन्। माइकिङसँगै किताबमा हस्ताक्षर गरेर किताब बेच्छन्। उनी प्रत्येक ठाउँमा कम्तीमा पनि ४०-५० वटादेखि दुई-तीन सयसम्मै किताब बेच्छन्।

किताब बेच्न विभिन्न ठाउँमा पुग्दा पाएको सम्मान, सत्कार र आथित्यले उनको सबै दुःख, अप्ठ्यारा भुलाइदिएका छन्। उनी जुन ठाउँमा पुग्छन्, ती ठाउँ सम्झनलायक बनेका छन्। 'जहाँ गए पनि सम्झनलायककै क्षण छन्। किनभने, जहाँ-जहाँ हामी पुग्छौँ, त्यहाँ-त्यहाँ पुग्नेबित्तिकै स्वयंसेवकको रूपमा कोही न कोही मानिस जम्मा भएका हुन्छन्। ती मानिसले त्यो ठाउँमा कहाँ-कहाँ र कसरी किताब लैजाने, किताब बेचिदिने भन्ने योजना बनाएका हुन्छन्। त्यही योजनाअनुसार हामी चल्छौँ र किताब बेच्छौँ,' उनी भन्छन्। किताब बेच्ने व्यवस्था त स्थानीयले गरिदिन्छन् नै, महावीर र उनका सहयोगीका लागि खाने, बस्ने व्यवस्थासमेत मिलाइदिन्छन्। जनकपुरवरिपरि किताब बेच्दै जाँदा एउटा गाउँमा एकजना स्थानीयले भनेको कुरा उनले यसरी सम्झिए, 'नेपालमा अर्केस्ट्रा अथवा नाचगान लिएर आउनेलाई दुई-चार हजार सजिलैसँग फाल्छन् सर। तर, तपाईंको किताब किन्न मानिसलाई धेरै गाह्रो हुन्छ। यसो भनेर उहाँले किताब किन्नुभयो।' यस्ता अनेक घटना छन्, जसले उनलाई किताब बेच्न ऊर्जा भरिदिन्छ। चोक-चोक, सहरबजार, गाउँ सबैतिर पुगेर किताब किन्न आउनुस् भनेर चिच्याउन जाँगर दिन्छ। गलत बुझाइका कारण केही ठाउँमा वादविवादका घटनासमेत भएका छन्।

महावीर प्रत्येक जिल्लाका सबैजसो पालिकामा पुगेका छन्, बाँकी रहेका पालिकामा पुग्ने योजनामा छन्। एउटा जिल्लाको पालिका सकिएपछि बल्ल अर्को जिल्ला जाने निधो गर्छन्। उनी किताब बेचेर बितेको वर्ष दिनलाई जिन्दगीको सबैभन्दा रमाइलो समय ठान्छन्। जिन्दगीको नयाँ भोगाइ मान्छन्। 'किताब बेच्दै हिँड्दा जिन्दगीमा जिन्दगीमा सबसे रमाइलो अनुभूति भइरहेको छ' उनी खुसी हुँदै सुनाउँछन्।

बाँकी रहेका जिल्लामा पनि यसरी नै सहर, बजार, चोक, गाउँ, हाटबजार पुगेर माइकिङ गरेरै किताब बेच्ने लक्ष्य राखेका छन्। उनले नेपालको एक प्रतिशत जनसंख्या अर्थात् तीन लाख मानिसलाई किताब बेच्ने लक्ष्य लिएका छन्। 'सबैतिर यही शैली अपनाउने हो। केही पनि नयाँ छैन। नेपालको एक प्रतिशत जनताले किताब किन्छन् होला भन्ने अनुमान हो,' उनी लक्ष्यअनुसारको किताब बेच्न सकिनेमा ढुक्क देखिन्छन्। उनले हालसम्म ४० जिल्लामा एक लाख ५५ हजारवटा किताब बेचिसकेका छन्। सामाजिक सञ्जाल फेसबुकमार्फत पनि किताब बेच्दै गर्दाका घटना लेख्ने, सुनाउने गर्छन्। सामाजिक सञ्जालमा राखिने गतिविधिले गर्दा पनि उनीसँग धेरैजना जोडिने गरेका छन्। किताब बेचेरै उनले करिब नौ करोड जम्मा गरिसकेका छन्।











वैज्ञानिक पुन हरेक दिन झिसमिसेमै किताब बेच्न निस्कन्छन् र राति सात-आठ बजेसम्मै व्यस्त हुन्छन्। किताब बेच्ने क्रममा उनी सुदूरपश्चिम, कर्णाली, गण्डकी, लुम्बिनी हुँदै अहिले मधेश प्रदेश पुगेका छन्। हालसम्म ४० जिल्ला पुगिसकेका उनी बाँकी ३७ जिल्लाका हरेक पालिकामा पुग्ने योजनामा छन्।

### सरकारको छैन भर

किताब बेच्दै हिँड्दा उनी स्थानीय सरकारका प्रतिनिधिसँग पनि भेट्छन्। धेरै स्थानीय सरकारले उनको किताब किनिदिएका पनि छन्। प्रदेश सरकारले कृषि कारखानाका लागि लाखदेखि करोडसम्म दिने प्रतिबद्धता पनि जनाएका छन्। तर, उनले हालसम्म रकम भने पाएका छैनन्। तीन महिनाअघि नै बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठ र बागमती प्रदेशकै वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले वीरगन्ज कृषि औजार कारखानामा अध्ययन भ्रमण गरे। कृषिमन्त्री श्रेष्ठले चालू आर्थिक वर्षमै करिब एक करोड ५० लाखका औजार किनिदिने प्रतिबद्धता पनि गरेका थिए। तर, त्यस्ता रकम भने अहिलेसम्म कारखानाका लागि आइनपुगेको उनी बताउँछन्। प्रतिबद्धता जनाएको महिनौं बित्दा पनि पैसा नआएपछि प्रदेश सरकारप्रति उनको भरोसा टुटेको छ। 'सरकारको कुरामा ५० प्रतिशत पनि विश्वास गर्न सकिँदैन,' उनी भन्छन्। सरकारबाट सहयोगको अपेक्षा नभए पनि आग्रह गर्न नछाड्ने उनी बताउँछन्। सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा पुगेर उनले भने, 'अब एक डेढ वर्षमा कस्ता-कस्ता औजार उत्पादन गर्न सकिन्छ, त्यसको क्याटलक बनाएर पठाउँछौँ र त्यो क्याटकल हेरेर तपाईंहरूलाई फाइदा हुने औजार छ, कृषकलाई अनुदानमा किनेर दिन चाहानुहुन्छ भने त्यतिवेला किनिदिनुस्।'

किताब बेच्न अझै ३७ जिल्ला बाँकी भए पनि सन् २०२५ मा थप एक लाख ५० हजार किताब बेच्ने लक्ष्यका साथ उनी लागेका छन्। लक्ष्य भेट्टाउनेमा पनि उनी ढुक्क छन्। सन् २०२४ मा बेचिएको एक लाख ५० हजार किताबको पैसाले हाल कारखाना मर्मत भएर सञ्चालनमा आइसकेको छ। १५ किसिमका औजार बनाएर त्यसको नमुना परीक्षणसमेत भइरहेको छ। कारखानामा गोबर पेल्ने मेसिन, घाँस काट्ने मेसिन, आलु रोप्ने मेसिन, आलु गोड्ने मेसिन, धान काट्ने मेसिन, केराको फाइबर बनाउने मेसिन, घाँस खुर्कने मेसिन तथा हाते औजार, दाना बनाउने मेसिन, धान रोप्ने मेसिन खाल्डो तथा दुलो पार्ने हाते औजारजस्ता मेसिनको परीक्षण तथा निर्माण कार्य भइरहेको छ। उनका अनुसार औजार उत्पादन सुरु गर्नका लागि तयारीसमेत भइरहेको छ। हाल कारखानामा ३५ जनाले कामसमेत गरिरहेका छन्। किताब बेचेरै आएको रकमबाट उनीहरूले नियमित पारिश्रमिकसमेत पाइरहेका छन्। किताब बेचेर जम्मा भएको नौ करोडमध्येकै रकम ती कामका लागि खर्च भइरहेको हो।

साना किसानलाई आवश्यक पर्ने औजार निर्माणका लागि काम गर्न उत्साह भरेको उनी बताउँछन्। 'सबै नेपाली मूर्ख छैनन्। अलि गतिला नेपाली पनि छन् नि! कोही मन भएका, धन नभएका। तर कोही अलि-अलि धन भएका र मन पनि भएका छन्। यसैले ०२५ मा पनि एक लाख ५० हजार किताब बिक्री हुन्छ। जसरी भए पनि बिक्री हुन्छ,' उनी दृढता व्यक्त गर्छन्। उनी यदि समयमा मल पाउने, सिँचाइको राम्रो बन्दोबस्त गर्ने, खेती गर्न उचित औजार किसानलाई उपलब्ध गराउने र त्यसमा सहुलियतको व्यवस्था गर्ने हो भने नेपालका लागि चाहिने खाद्यान्न नेपालमा नै उत्पादन हुने बताउँछन्।

०७९ असोज १० गतेदेखि राष्ट्रिय आविष्कार केन्द्रले बन्द रहेको वीरगन्ज कृषि औजार कारखाना सञ्चालन गर्न सरकारसँग सम्झौता गरेको थियो। उनको टोलीले कात्तिक १२ देखि कारखाना मर्मतको काम थालेको थियो। ६० वर्ष पुराना मेसिन मर्मत गरेर काम थालेको कारखानाले नाफा हुन थालेपछि नाफाको ५० प्रतिशत सरकारलाई बुझाउनुपर्नेछ। १० वर्षको लागि सरकारले आविष्कार केन्द्रलाई कारखाना सञ्चालनको जिम्मा दिएको हो। कारखाना सञ्चालनका लागि आर्थिक, प्राविधिक व्यवस्थापन, सञ्चालन, बिक्री, वितरणको व्यवस्था केन्द्रले नै गर्ने सम्झौतामा उल्लेख छ। आधुनिक औजार निर्माण गर्न २० देखि २५ करोड आवश्यक भएको तर सरकारले बजेटको व्यवस्था नगर्ने भएपछि पुन आफैँ किताब बेचेर कारखाना सञ्चालन गर्न देश दौडाहामा निस्किएका थिए।

०२४ फागुन २८ गते रुसको सहयोगमा कारखाना स्थापना भएको थियो। उत्पादकत्व बढाउन र कारखानालाई नाफामा सञ्चालन गर्न सरकारी उद्योगलाई निजीकरण गर्ने योजनाअनुसार २०५४ मा कारखाना निजीकरण भएको थियो। पछि ०५८ कात्तिक २९ गतको मन्त्रिपरिषद्को निर्णयबाट सरकारले आफ्नै स्वामित्वमा कारखाना सञ्चालन गर्ने निर्णय गर्‍यो। उपर्युक्त ढंगबाट कारखाना सञ्चालन हुन नसकेपछि ०५९ चैत ४ गतेको मन्त्रिपरिषद् बैठकले कारखाना खारेज गर्ने निर्णय गरेको थियो।

# गोरखपुरमा लाहुरे हुन जाँदा...



## ती दिन

● **खड्ग गर्बुजा**, लोकगायक

०४० सालतिर नुन लिन स्याङ्जाको नौडाँडा गएँ । त्यसवेला १२-१३ वर्षको थिएँ । सहर कस्तो हुन्छ होला भन्ने मनमा कुतूहल लाग्थ्यो । नुन बोक्न जाने भनेपछि राति नै सातुसामल तयार गर्नुपर्थ्यो । ढाकरमा राति ओड्ने ओछ्याउने लुगा पनि बोक्नुपर्थ्यो ।

मराङबाट तलतिर झरेपछि म्याग्दी खोलाको तिरैतिर हिँड्नुपर्थ्यो । बेनी बजार कटेपछि कालिगण्डकीको किनारैकिनार हिँड्नुपर्थ्यो । बेनी बजारमा कालिगण्डकी र म्याग्दी खोला मिसिन्छ । बेनी बजार कटेपछि कालिगण्डकीको तिरैतिर कुस्मा हुँदै जानुपर्थ्यो । बाटोमा नुन-चामल बोक्ने ढाकेहरू भेटिन्थे ।

पर्वतको ग्यादी हुँदै कार्कीनेटाबाट तल झरेपछि स्याङ्जाको आँधी खोला सुरु हुन्थ्यो । त्यतिवेला आँधी खोलालाई १०-१२ पटक तर्नुपर्थ्यो । दरबाङको बजार देख्दा पनि ठुलो सहर लाग्थ्यो । बेनी बजार आउँदा झन् ठुलो सहर जस्तो लाग्यो । गाउँमा बसेको मान्छेलाई सिमेन्टको घर देख्यो कि सहर आइपुगियो जस्तो लाग्ने । गाडी कस्तो हुन्छ होला ? भन्ने लाग्थ्यो ।

ढाकरभरि भारी बोकेर खाली खुट्टै हिँड्नुपर्थ्यो । पैतालामा ठेला बसिसकेको हुन्थ्यो । पैतालामा काँडा पनि बिज्दैनथ्यो, बरु काँडै भाँचिन्थ्यो । खोलामा झुलुंगे पुलहरू हुन्थेन । फड्के तर्नुपर्थ्यो । कतिपय ठाउँमा जंगार नै तर्नुपर्थ्यो ।

सेतीदोभानमा नुनका पसल थिए । गाडी देखिएन । सहर यस्तो होला जस्तो लाग्थ्यो । तीनपटक नुन बोक्न गएँ । तर, गाडी देख्न पाइनँ । गाडी हेर्ने सपना अपूरै रह्यो ।

०४२ सालतिरको कुरा हो । किशोरावस्था भएकाले मेरो ज्यान खाइलाग्दै थियो । गाउँमा १५-१६ वर्षका केटाहरू भर्ती हुन जान्थे । मेरो पनि बुबाआमाको सोच मलाई लाउरे बनाउने थियो । पढाइतिर ध्यान थिएन । लाउरे हुने उत्कट चाहना बढ्यो । मेरो मितबुबा भारतीय सेनामा हुनुहुन्थ्यो । मेरो बुबाले मितबुबालाई भनिसक्नुभएको रहेछ । बुबाले मलाई भन्नुभयो, 'भारत गएर मितबुबासँग भेट्न अनि भर्ती हुन ।'

भारतमा मितबुबालाई भेट्न जाने सोच बनाएँ । तर, पैसा थिएन । म्याग्दीको बालुवा बोक्ने काम गरेँ । बाटो खर्च बनाउन झन्डै एक महिना बालुवा बोकेँ । दुई-तीन सय रुपैयाँ खर्च बनाएँ । त्यही पैसाले बेनी बजार गएर एकजोर जुत्ता किनेँ । गाउँकै एकजना दाइ भारतीय सेनामा हुनुहुन्थ्यो । उहाँकै साथ लागेर बाटो लागियो । लाउरे बनेर गाउँ फर्किन्छु भन्ने सपना बुनिसकेको थिएँ ।

हामी पहिलो दिन तातोपानी भन्ने ठाउँमा बास बस्यौँ । अर्को दिन कार्कीनेटामा बास बसियो । पहिलोपटक जुत्ता लगाएर हिँडेको, हिँडेजस्तो पनि लागेन । थकाइको कुनै महसुस थिएन ।

तीन दिनमा नौडाँडा पुग्यौँ । नौडाँडा पुगेपछि बस चढ्नुपर्थ्यो । नौडाँडाबाट खस्यौली (अहिलेको बुटवल) लागि बसको टिकट काटियो । बस चढ्ने भनेपछि कस्तो होला भन्ने लाग्यो । सबैले रिङ्गटा लाग्छ भन्थे । तर, मलाई बस चढ्दा केही भएन । मैले जीवनमा गाडी देखेको थिइनँ ।

बसले खस्यौलीमा घाम डुब्नुअघि नै पुऱ्यायो । घाम डाँडामा पुगिसकेको थियो । सबैतिर हाम्रो गाउँकै जस्तो डाँडाकाँडा हुन्छ होला भन्ने लाग्थ्यो । डाँडाहरू हराउँदै गए । सबैतिर समथर देखियो । सबैतिर तुवाँलो लागेको थियो । डाँडा हराउँदै जाँदा मलाई नरमाइलो लाग्दै गयो । झिलिमिल बत्ती देख्दा अचम्म लाग्यो । आँसु आयो ।

भोलिपल्ट गोरखपुर जाने बसमा चढ्यौँ । भारतको गोरखपुरमा मलाई छाडेर दाइ वनारस जानु भयो । म एक्लै होटलमा बसेँ । एक हप्तासम्म एक्लै होटलमा बसेँ । बाहिर निस्कन मन लाग्दैनथ्यो । बाहिर डर लाग्थ्यो । रेल स्टेसनमा जाँदै रुन्थेँ । गाउँ सम्झिन्थेँ । बुबाआमालाई सम्झिन्थेँ । बेकारमा आएछु भन्ने

> गाउँकै एकजना दाइ भारतीय सेनामा हुनुहुन्थ्यो । उहाँकै साथ लागेर जाने सल्लाह गरेँ । उहाँले मितबुबा बसेको ठाउँ देख्नुभएको रहेछ । लाहुर जाने भएपछि मेरो भुइँमा खुट्टा थिएन ।

लाग्यो । मितबुबा एक हप्तापछि मात्रै आउनुभयो । त्यसपछि मात्रै आनन्दले सास फेरेँ । सहरमा गएपछि धेरै खुसी हुन्छु भन्ने सोच्थेँ, उल्टै दुःखी भएँ । मितबुबाले घरमा लानुभयो । मितबुबाले होटेलमा भाँडा माझ्ने काम लगाइदिनुभयो ।

बिहान ६ बजेदेखि राति १२ बजेसम्म भाँडा माझ्नुपर्थ्यो । हात बर्खामा हिलोले खाएकोजस्तै भयो । हातभरि घाउ भयो । निकै सास्ती पाएँ । एक महिनापछि गोरखपुरमा भर्ती खुल्यो । गोरखपुरको क्याम्पमा पुग्दा चार-पाँच सय युवाको हुल देख्दा छक्क परेँ । सबै नेपाली केटाहरू थिए । सबैजना छाती फुलाएर शरीर तन्काएर बसेका थिए । म पनि त्यसैगरी बसेँ । मेरो पनि छाती नापियो । छातीमा छाप लगाइदियो । तर, फाइनलमा मेरो नाम निस्किएन । त्यसपछि मितबुबाको घरमा फर्किएँ । फेरि होटेलमा भाँडा माझ्न थालेँ । तर, भाँडा माझेर बस्न मन लागेन । एकजना चिनेको नेपाली साथीलाई अर्को ठाउँमा काम खोज्न लगाएँ । भाँडा माझ्ने, लुगा धुने र भैँसी नुहाउने, मालिकलाई तेल लगाउनुपर्ने काम खोजिदियो । मालिकको ज्यानमा मालिस गर्दागर्दै आफ्नो ज्यान दुख्थ्यो । साह्रै दुःख पाएँ । भर्ती पनि हुन सकिनँ । घर जान पनि बाटो खर्च भएन । आँपको रुखमुनि बसेर रुन्थेँ ।


लाउरे हुने आशा मरेको थिएन । एसएलसी पास मात्रै भर्ती हुन पाइने नियम बनिसकेको रहेछ । त्यसपछि मन मऱ्यो । घर फर्किन रेलको टिकट काटेँ । रेलमा पाकेट मारिदियो । टिकट मात्रै रहेछ गोजीमा । बाटोमा बेखर्ची भएँ । गोरखपुरमा एकजना नेपाली रिक्सा चलाउँदा रहेछन् । उनलाई एक महिनाका लागि रिक्सा चलाउन दिन आग्रह गरेँ । एक महिना रिक्सा चलाएर बाटो खर्चको जुगाड गरेँ । त्यसपछि सुनौलीको बसको टिकट काटेर रित्तै घर फर्किएँ ।

घर फर्किएलगत्तै भिरमा खर काट्न जाँदा लडेँ । त्यसपछि मेरो जिन्दगीले अर्कै मोड लियो । मेरो दुवै खुट्टा चलेन । लाउरे हुने रहर सधैँका लागि पूर्णविराम लाग्यो ।

प्रस्तुति : **पवन बराइली**

# ठमेलमा श्रीलंकन आर्ट एक्जिबिसन

## छाया सेन्टरस्थित 'द कला सैलुन'मा १३ डिसेम्बरदेखि जारी प्रदर्शनी ९ फेब्रुअरीसम्म चल्ने









डा. मनोरञ्जना हेरथ, श्रीलंकन आर्टिस्ट

**नवीन अर्याल**
तस्बिर : **ज्ञानेन्द्र कार्की**

ग्यालरीमा पुगेर झट्ट हेर्दा पेन्टिङमा खाली लाइन कोरिएका र रङ पोतिएका मात्रै देखिन्छन् । तर, हेर्दै जाँदा आँखा, मुख, नाकलगायत धेरै आकृति देखिन थाल्छन् । अझ गहिरिएर हेरेमा मानव अनुहारमा छचल्किने विभिन्न अभिव्यक्ति (एक्सप्रेसन) देख्न सकिन्छ । जहाँ सुख, दुःख, पीडा, हाँसो, रोदन र उमंगका भाव कलाकृतिमा सजीव रूपमा उतारिएको छ ।

यहाँ श्रीलंकन आर्टिस्ट डा. मनोरञ्जन हेरथका पेन्टिङको चर्चा हुँदै छ, जसको कलात्मक आर्ट ठमेलको छाया सेन्टरस्थित 'द कला सैलुन'मा प्रदर्शन भइरहेको छ । १३ डिसेम्बरदेखि सुरु भएको आर्ट प्रदर्शनी ९ फेब्रुअरीसम्म चल्नेछ । उनको आर्टमा मान्छेको अनुहारका विभिन्न आकृति देखिन्छन्, जसले गहिरो अर्थ र भावना प्रस्तुत गर्छन् । पेन्टिङमा प्रयोग भएको रङ र डिजाइनले दर्शकलाई लोभ्याउने कला सैलुनकी सञ्चालक सोफिया पाँडे बताउँछिन् ।

एउटै मान्छे खुसी हुँदा र दुःखी हुँदा अनुहारमा फरक एक्सप्रेसन देखिन्छ, त्यही एक्सप्रेसन हेरथले आफ्नो आर्टमा उतारेका सोफियाले बताइन् । प्रदर्शनीमा राखिएका सबै पेन्टिङमा अनुहारकै आकृति देखिन्छन् । तर, डिफरेन्ट रङ र डिजाइनमा । उनी भन्छिन्, 'हेरथका पेन्टिङ एकदमै पावरफुल छन्, हेरिरहुँ लाग्छ, उहाँले मान्छेका अनुहारमा देखिने विभिन्न कथा आफ्नो कलामा उतार्नुभएको छ ।'

वरिष्ठ आर्टिस्ट हेरथ श्रीलंकाको युनिभर्सिटीमा मूर्तिकला पढाउँछन् । उनी श्रीलंकाका प्रसिद्ध मूर्तिकार हुन् । उनमा पेन्टिङप्रतिको मोह पनि गज्जबकै देखिन्छ । श्रीलंकाबाट ठुला मूर्तिहरू ल्याउनलाई कठिन हुने भएकाले हेरथका पेन्टिङ प्रदर्शनीमा राखिएको कला सैलुनकी सञ्चालक सोफियाको भनाइ छ । उनी भन्छिन्, 'उहाँका मूर्तिहरू पनि ठुला हुन्छन्, नेपाल ल्याउन गाह्रो हुने भएकाले अहिलेलाई पेन्टिङ प्रदर्शनी गरिएको हो ।'

हेरथले ३० वटा पेन्टिङ प्रदर्शनीका लागि नेपाल ल्याएका छन् । उनका पेन्टिङ 'क्युविज्म' शैलीमा आधारित भएको कला सैलुनकी चक्षिता रानाले जानकारी दिइन् । उनले थपिन्, 'आर्टमार्फत अनुहारको एक्सप्रेसन र आइडेन्टिटी एक्सप्लोर गर्न खोज्नुभएको छ ।'

हेरथको नेपालका वरिष्ठ कलाकारसँग राम्रै चिनजान छ । त्यसैले प्रदर्शनी अवलोकन गर्न गिनेचुनेकै कलाकार आइरहेका छन् । श्रीलंकन कलाकारको पेन्टिङ हेर्न आर्ट क्षेत्रकै विद्यार्थी, आर्टिस्ट, छाया सेन्टर (मल) र पाँचतारे अलफ्ट होटेलमा आउने अतिथिहरू धेरै हुने गरेको चक्षिताले बताइन् । तीनवटा पेन्टिङ बिक्री भइसकेका छन् । पेन्टिङको मूल्य एक लाख रुपैयाँसम्म रहेको छ ।

# साप्ताहिक राशिफल

**१९ माघ** (शनिबार)
**२५ माघ** (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो :** ९८५१०६११२४

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
धार्मिक भ्रमणका क्रममा नयाँ सम्बन्ध जोडिने योग छ । दीर्घकालीन फाइदा पुग्ने क्षेत्रमा गरिएको लगानीले सोचेअनुसार सफलता मिल्ने देखिएको छ । लामो समयदेखि रोकिएका कानुनी झैझमेलाबाट विजयी हुने ग्रहयोग परेको छ । बिहीबार वैदेशिक क्षेत्रसँग सम्बन्धित कुनै पनि काम सफल हुने देखिएको छैन । साताको अन्त्यमा पारिवारिक जीवन सन्तोषप्रद हुनेछ ।

**वृष** (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
घुमघाम र मनोरञ्जनका क्रममा बहुमूल्य सामान हराउने तथा चोरी हुने ग्रहयोग परेकाले विशेष सावधानी अपनाउनुपर्नेछ । सेयर बजारमा गरिएको लगानी छोटो समयका लागि निकै फाइदाजनक रहनेछ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा बढ्नेछ । पैतृक सम्पत्तिमा झमेला आइपर्ने योग रहेकाले विशेष सावधानी अपनाउँदै अगाडि बढ्नुपर्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, ह)
घरमा मांगलिक कार्यको शुभारम्भ हुने ग्रहयोग परेको छ । रोकिएका नयाँ कार्यको थालनी हुँदै जानेछन् । साताको अन्त्यमा खर्चको मात्रा ह्वात्तै बढ्न सक्छ । प्रशासनिक झैझमेला वा आरोप व्यहोर्नुपर्ने हुन सक्छ । प्रेम सम्बन्धमा तिक्तता आउने योग छ । लामो दूरीको यात्रा हानिकारक बन्न सक्छ । भगवान् गणेशको पूजा आरधना गरेमा शुभ हुनेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
रमाइलो र मनोरञ्जक क्रियाकलापका साथमा साताको सुरुवात हुनेछ । विभिन्न समस्यासित जुध्नुपर्ने योग छ । इच्छाएको जिम्मेवारी प्राप्तिको योग छ । खानपान र यात्रामा खर्च गर्न मन लाग्नेछ । विशिष्ट व्यक्तिको सहयोग र सल्लाहले स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ । बोलेको कुराले विपरीत अर्थ लाग्नाले सम्बन्धमा तिक्तता आउन सक्छ, सावधानी अपनाउनुपर्नेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
मन प्रसन्न रहनेछ । शत्रु पराजित हुनेछन् । यश, सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । नयाँ सम्बन्ध जोडिने योग छ । रोकिएका अधुरा काम पूरा हुनेछन् । कुनै शुभकर्म गर्नुपूर्व बिघ्नहर्ता गणेशजीको स्मरण गरी गरेको कार्यबाट अधिक सफलता मिल्नेछ । घरमा मांगलिक कार्य खुल्दै जानेछन् । छोटो समयका लागि टाढाको यात्रा फलदायी रहनेछ ।

**कन्या** (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । नयाँ कार्यको योजना बन्नेछ । व्यापार व्यवसायमा सफलता पाइनेछ । शुभारम्भको चर्चा पनि चल्नेछ । दीर्घकालीन फाइदा हुने क्षेत्रमा लगानी गर्दा सफलता मिल्नेछ । साझेदारीमा गरिएका कामबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । वैदेशिक यात्रा सफल रहने योग रहेको छ । नयाँ जिम्मेवारी प्राप्तिको अवसर मिल्नेछ ।

**तुला** (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
राजनीतिक र सामाजिक क्षेत्रबाट सफलता मिल्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । शुभ समाचार सुन्न पाइएला । नसोचेको ठाउँबाट धनागम हुन सक्छ । यो धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । शैक्षिक क्षेत्र पनि राम्रै रहनेछ । मनोरञ्जनमा समय र धन हानिको योग छ । निर्माण क्षेत्रमा गरिएका लगानीबाट फाइदा पुग्नेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
नजिकको मित्रसँग भेटघाट हुनेछ । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । समाजबाट सहयोग मिल्ने देखिन्छ । साताको उत्तरार्धमा प्रतिद्वन्दीले कार्यमा अवरोध ल्याउनेछन् । साताको अन्त्यमा स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्ने योग छ । बोलेको कुराको विपरीत अर्थ लाग्नाले सम्बन्धमा तिक्तता आउन सक्छ ।

**धनु** (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
साताको प्रारम्भमा शरीरमा आलस्य आउला । स्वास्थ्यप्रति सजग रहन आवश्यक छ । लामो यात्रा गर्दा विशेष सावधानी अपनाउनुपर्नेछ । बुधबारदेखि प्रिय व्यक्तिबाट विशेष सहयोग मिल्नेछ । शुभकार्यको योजना र चर्चा चल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । वैदेशिक यात्रा सफल हुनेछ । बिलासिता र मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ ।

**मकर** (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
दाजुभाइ, दिदीबहिनीले तपाईंका सकारात्मक विचारलाई समर्थन गर्नेछन् । पराक्रम बढ्नुका साथै धन लाभका योग पनि देखिन्छन् । प्रेमजीवन पनि सफल रहनेछ । शुभकार्यको चर्चा चल्नेछ, तर स्वास्थ्यप्रति सजगता अपनाउनुपर्नेछ । नयाँ जिम्मेवारीसहित स्थानान्तरणको योग रहेको छ । समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ । समग्रमा यो साता फलदायी रहनेछ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, द)
साथीभाइ र आफन्तबाट सहयोग प्राप्त हुनेछ । व्यवसाय बढाउने वा नवीन रोजगारीको योजनाबाट सफलता मिल्नेछ । घरमा मांगलिक कार्य सम्पादन हुनेछ । बुधबारबाट दैनिक कार्यमा भने समस्या र अवरोध आउनेछ । शैक्षिक क्षेत्र पनि कमजोर रहनेछ । कुनै शुभकर्म गर्नुपूर्व दुर्गाजीको दर्शन गरी कार्य आरम्भ गर्दा अधिक सफलता मिल्नेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
साताको प्रारम्भमा राजनीतिक कार्यमा सफलता मिल्नेछ । स्थानान्तरणको योग रहेकाले नयाँ जिम्मेवारी प्राप्तिको योग रहेको छ । रमाइलो र छोटो यात्राको सम्भावनासमेत छ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् । महत्त्वपूर्ण कार्यको थालनीसमेत हुनेछ ।

## पर्यटन




● **सञ्जीव गुरुङ, पथप्रदर्शक**

१. **गन्जला पास** : हेलम्बुको सेर्माथाङबाट सुरु हुने यो यात्रा साहसिक यात्राका पारखीमाझ चर्चित छ । झन्डै ११ दिनमा पाँच हजार ३० मिटरको गन्जलापाससम्म पुगेर काठमाडौं फर्कन सकिन्छ । यस क्रममा हिमाली रेन्ज, हिउँले ढाकिएका डाँडा, धार्मिकस्थल, ह्योल्मु संस्कृति, गुम्बा, स्तूपालगायत दृश्यावलोकन गर्न सकिन्छ । ह्योल्मु समुदाय आफ्नो समृद्ध संस्कृतिका लागि प्रख्यात छ । यहाँका कलात्मक गुम्बाको सांस्कृतिक र ऐतिहासिक महत्त्व छ । आमा यांग्री पिक, मिलारेपा र गुरु रिम्पोचे गुफा, हिमाली जनजीवन, जुगल, लाङटाङ, टोर्जे लाक्पा, गौरी शंकरलगायत हिमालको दृश्यावलोकन यस ट्रेकका विशेषता हुन् ।

२. **लाङटाङ ट्रेक** : नेपालमा सहज रूपमा पुग्न सकिने चर्चित ट्रेकिङ रुटमध्ये यो एक हो । रसुवा जिल्लाको लाङटाङ हिमाली









सुरुमा दुई साताका लागि भनेर प्रदर्शनी सुरु गरिएको थियो । तर, नेपाली योङ आर्टिस्ट र कलाकृतिका सौखिन दर्शकहरूले हत्तपत्त विदेशी कलाकारको आर्ट हेर्न पाउनुहुन्न भनेर एक महिना समय थपेको सोफियाले बताइन् ।

यसअघि हेरथले सन् २०१९ मा पनि पुल्चोकको पार्क ग्यालरीमा सो गरेका थिए । जुन ग्यालरी अहिले म्युजियममा परिणत भएको छ । त्यही समय सोफियाको आमा प्रतिमा पाँडेले फेमिली कलेक्सनका लागि एक दर्जन पेन्टिङ खरिद गरेकी थिइन् । हेरथ र पाँडे परिवारबिच त्यही वेला चिनजान भएको थियो । सोफियाको पूरै परिवार आर्टको पारखी हो । बुबा पृथ्वीबहादुर पाँडेसँग स्वदेशी तथा विदेशी कलाकारहरूको ठुलो आर्ट कलेक्सन छ । आमा प्रतिमा र भाइ शिवान्त पनि आर्टका सौखिन हुन् । पाँडे परिवारले स्वदेशी आर्टिस्टलाई ठुलो सहयोग गर्दै आइरहेको छ ।

**गहिरिएर हेरेमा मानव अनुहारमा छचल्किने विभिन्न अभिव्यक्ति (एक्सप्रेसन) देख्न सकिन्छ । जहाँ सुख, दुःख, पीडा, हाँसो, रोदन र उमंगका भाव कलाकृतिमा सजीव रूपमा उतारिएको छ ।**

पाँडे परिवारले छायाँ सेन्टरमा 'द कला सैलुन' सञ्चालन गरेका छन्, जसको उद्देश्य नै स्वदेशी कलाकारलाई सहयोग र कला प्रवर्द्धन गर्ने रहेको छ । गैरनाफामूलक कला सैलुनमा स्वदेशी तथा विदेशी आर्टिस्टले आफ्नो कला प्रदर्शन गर्न सक्छन् । अझ कतिपय कलाकारहरूलाई ग्यालरीले नै खाने बस्ने सुविधासमेत उपलब्ध गराउने गर्छ । हेरथको प्रदर्शनीको हस्पिटालिटी पार्टनर पाँचतारे अलफ्ट होटेल बनेको छ । यस्तै, ग्यालरीमा बिक्री हुने आर्टबाट प्राप्त हुने रकम पनि कलाकृतिकै श्रीवृद्धिमा खर्च गरिन्छ ।

पाँडे परिवारले ग्यालरी खोलेको थाहा पाएपछि श्रीलंकन आर्टिस्ट हेरथले पुनः प्रदर्शनी गर्न इच्छुक रहेको भन्दै सम्पर्क गरेका थिए । 'कला सैलुन' सञ्चालन भएको एक वर्षमै स्वदेशी तथा विदेशीका ११ वटा आर्ट प्रदर्शनी भइसकेको सोफियाले बताइन् । उनी सुनाउँछिन्, 'कला सैलुन योङ आर्टिस्टहरूलाई सपोर्ट गर्ने प्लाटफर्म हो ।'

कला सैलुनमा इटालियन फोटोग्राफर, बेल्जियमदेखि राजस्थानी आर्टिस्टसम्मको कलाकृति प्रदर्शनी भइसकेको छ । नेपाली आर्टिस्ट र पाण्डे परिवारकै फेमिली कलेक्सन पनि प्रदर्शन गरिन्छ । अहिलेसम्म तीनवटा फेमिली कलेक्सन एक्जिबिसन भइसकेको छ । एब्सट्र्याकतर्फ ६ जना आर्टिस्टको एक्जिबिसन सम्पन्न भयो । चक्षिताले भनिन्, 'कला सैलुनमा फोटो, पेन्टिङ, हस्तकला (मूर्तिहरू) र पर्फर्मेन्स आर्ट (लाइभ) पनि हुन्छ, यो मल्टी आर्ट फोरम हो ।'

कला सैलुनले यसै वर्षदेखि आर्टको तालिम दिने तयारीमा छ । 'सरकारी स्कुलमा पढ्ने विद्यार्थीलाई निःशुल्क आर्टका क्लास गराउने सोचमा छौँ' कला सैलुनकी सञ्चालक सोफियाले भनिन्, 'हामी अनुभवी आर्टिस्टलाई ल्याएर क्लास गराउनेछौँ ।' निजी स्कुल र त्यहाँ पढ्ने विद्यार्थीहरू आफैँ सक्षम हुने हुँदा सरकारी विद्यालयका विद्यार्थीलाई प्राथमिकता दिने सोच उनको छ ।



# संघीयता महिलाका लागि सम्भावनायुक्त व्यवस्था हो

कुराकानी

**लक्ष्मीदेवी पाण्डे**, अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

*दोस्रोपटकको स्थानीय तह निर्वाचनमा गाउँपालिका अध्यक्षमा १३ जना र नगरमा १२ जना महिला प्रमुख निर्वाचित भई स्थानीय तह हाँकिरहेका छन् । महिला जनप्रतिनिधिकै अनुसार निर्वाचित भएको तीन वर्ष पूरा हुनै लाग्दा पनि निर्णय क्षमता, कार्यशैलीप्रति समाजमा वेलावेला प्रश्न उठ्ने गर्छ । महिला जनप्रतिनिधिको आँखाबाट हेर्दा संघीयताको अभ्यास कस्तो देखिन्छ ? स्थानीय तह हाँकिरहेका महिला जनप्रतिनिधिको अनुभव कस्तो छ ? यिनै विषयमा केन्द्रित रही* ***शान्ति तामाङ****ले हुप्सेकोट गाउँपालिका, नवलपरासी(बर्दघाट सुस्तापूर्व) अध्यक्ष तथा ४६० गाउँपालिकाको छाता संगठन 'गाउँपालिका राष्ट्रिय महासंघ नेपाल'की अध्यक्ष लक्ष्मीदेवी पाण्डेसँग कुराकानी गरेकी*

**महिला जनप्रतिनिधिको आँखाबाट हेर्दा संघीयता कस्तो देखिन्छ ?**

महिलाका लागि संघीयता अवसर र चुनौती दुवै हो । संघीय शासन प्रणालीले महिलाको सहभागिता, सशक्तीकरण, समावेशीकरणलाई प्रवर्द्धन गर्ने कोसिस गरेको छ । देशैभर संघीयतापछि महिलालाई कार्यकारी भूमिकामा नै बसेर काम गर्ने अवसर मिलेको छ । महिला जनप्रतिनिधिले धेरै ठाउँमा असाध्यै राम्रो काम गरिरहेका छन् । अहिले चुनौती पनि उत्तिकै छ । चुनौती नभई अवसर खोजेर पनि हुँदैन । त्यसैले संघीयता महिलाका लागि प्रबल सम्भावना बोकेको व्यवस्था हो । संघीयताले महिलालाई अवसर र सम्भावना दिएको छ । अर्को, वडामा अनिवार्य दलित महिला सदस्य र अनिवार्य महिला सदस्यको व्यवस्था गरेर महिलाको संख्यामा सुनिश्चितता गरिएको छ । यो वा त्यो बहानामा महिलालाई हटाउन नमिल्ने गरेर व्यवस्था भएको छ । यसले महिला सहभागितालाई बलियो बनाएको छ । त्यसले महिलालाई क्षमता विकास गरेर अगाडि बढ्न ढोका खोलिदिएको छ । महिला हिंसाविरुद्ध ऐनेनियम बनाउन संघ, प्रदेश, स्थानीय तहलाई छुट्टाछुट्टै अधिकार दिइएको छ । त्यसैले महिलाका लागि एकात्मक शासन व्यवस्था हुँदा र अहिलेको अवस्थामा धेरै फरक छ ।

**महिलाले चुलोचौको हेर्ने हो, पुरुषले राजनीति गर्ने हो भन्ने हाम्रो जस्तो पितृसत्तात्मक समाजमा महिला जनप्रतिनिधिलाई हेर्ने दृष्टिकोणमा केही फरक आएको पाउनुभयो ?**

पालिकाका मुख्य दुई पदमध्ये एकमा महिला अनिवार्य भनेपछि महिलाले सक्दैन भन्थे । 'महिलाले समय दिन भ्याउँदैनन्, यिनीहरूले काम आँट्नै सक्दैनन्, चुनौती पार लगाउन सक्लान् त ?' भनियो । तर, हामीले बनोबल उच्च राख्यौँ । मैले पनि अधुरा काम सम्पन्न गर्न आँट गरेँ । त्यही प्रेरणाले अहिले म दोस्रो कार्यकाल अध्यक्षको रूपमा काम गर्दै छु । अहिले हामी देशभर २५ जना महिला पालिका प्रमुखका रूपमा काम गरिरहेका छौँ । २०८४ को निर्वाचनमा एक सय महिला प्रमुख निर्वाचित भए भने महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउनेछ ।

**महिला जनप्रतिनिधिलाई कामको जिम्मेवारी दिन नचाहने, दिए पनि क्षमतामाथि शंका गर्ने, उनीहरूले गरेका निर्णयलाई हलुका रूपमा लिने गरिन्छ, कर्मचारीबाट समेत महिला जनप्रतिनिधिलाई सहयोग हुँदैन भन्ने सुनिन्छ नि !**

महिला उपाध्यक्ष र पुरुष अध्यक्ष भएको ठाउँमा निर्णयकर्ताका रूपमा महिलालाई सहभागी नगराउने, कम विश्वास गर्ने गर्छन् भन्ने कुरा आएका छन् । महिलालाई जिम्मेवारी दियो भने टर्चर सामना गर्न सक्दैनन् र काम बन्दैन भन्ने सुनिन्छ । संविधानले नै आआफ्नो अधिकार स्पष्ट गरिदिएको छ । ती अधिकारसूची अध्ययन गरेर काम गरे त्रुटि हुँदैन । सामूहिक रूपमा काम गर्ने वातावरण निर्माण गर्नुपर्छ । दलित सदस्य, महिला सदस्यसँग छुट्टै बसेर भावना साट्नुपर्छ । कर्मचारीले पनि महिला र पुरुष जनप्रतिनिधिलाई समान रूपमा हेर्नुपर्छ । पुरुष नेतृत्व हुँदा खुसी हुने र महिला नेतृत्व हुँदा असजिलो र अप्ठ्यारो अवस्था सिर्जना गर्न पाइँदैन । निराशा बोकेर हिँडियो भने भोलि अझै असजिलो हुन्छ । त्यसैले बहादुरीसाथ काम गर्नुपर्छ । केही महिला साथीले फोन गरेर काम गर्न असजिलो भयो भन्नुहुन्छ । पहिला तपाईं बसेको तहबारे अध्ययन गर्नुस् । त्यसपछि पनि काम गर्न बाधा अड्चन भयो भने हामी सहजीकरण गर्छौं, भन्छौं । सानातिना असजिलालाई चिरेरै अगाडि बढ्नुपर्छ ।

**कहिलेकाहीँ कार्यालयमा ताला नै लगाउनुपर्ने अवस्था पनि आउँछ । कार्यालयमा ठुलो दलबलसहित गइयो भने महिला तर्सिन्छन् भन्नेहरू पनि देखिन्छन् । त्यसका बाबजुद काम गर्ने हो । चुनौतीलाई अवसरको रूपमा लिएकी छु ।**

**धेरैजसो स्थानीय तहमा उपाध्यक्ष तथा न्यायिक समितिको संयोजकमा महिला जनप्रतिनिधि नै छन् । त्यहाँ पनि विभिन्न पक्षबाट असहयोग हुने गरेको सुनिन्छ । के यो सत्य हो ?**

उपाध्यक्षहरूले गर्ने कामका लागि महासंघले पुस्तक नै निर्माण गरेको छ । हरेक उपाध्यक्षको हातमा आफ्ना जिम्मेवारी वहन गर्ने, क्षमता विकास गर्ने पुस्तक छ । कानुनी रूपमा सहजीकरणका लागि कानुन अधिकृत अनिवार्य रूपमा स्थानीय तहमा चाहिन्छ भनेका छौँ । न्यायिक समिति बनाइदिने अनि कानुन अधिकृत नदिन मिल्दैन । गण्डकी प्रदेशका सबै पालिकामा कानुन अधिकृत छनोट गरेर प्रदेशले पठाइसकेको छ । अन्य पालिकामा पनि पठाउने काम भइरहेको छ । कानुन सम्पादनका लागि पुरुषको क्षमता हुने महिलाको नहुने भन्ने हुँदैन । कानुन सम्पादनका लागि साँच्चै भन्ने हो भने महिलालाई सजिलो छ । पिडितले आफ्नो दुःख, पीडा पोख्न महिला उपाध्यक्ष भएको ठाउँमा सहजता महसुस गर्छन् । तैपनि, न्यायिक समितिको कार्यसम्पादनमा असजिला आउने गरेका छन् । त्यसैले उपाध्यक्षहरूको क्षमता विकासका लागि विकास साझेदार, संघ, प्रदेश सरकारसँग मिलेर तालिम सञ्चालन गर्ने गरेका छौँ ।

**महिला अध्यक्ष, उपाध्यक्ष, सदस्यहरूले फरक–फरक समस्या भोगिरहेका होलान् कि ?**

महिला वडा सदस्यहरूले निर्णय गर्ने ठाउँमा धेरै जानकारी लिनुपर्ने हुन्छ । त्यसैले तालिमको आवश्यकता छ । उपाध्यक्षहरूको तर्फबाट कानुन सम्पादनमा सहयोग चाहियो भन्ने कुरा गर्नुहुन्छ । हामी प्रमुख भएकाहरूलाई चाहिँ काम गर्न असहजता त छ नै । महिलाहरूले गरेर कहाँ हुन्छ ? पुरुषले गरेको भए धेरै काम हुन्थ्यो भन्ने पनि सुन्नुपर्छ । यसलाई घटाउन नेतृत्वमा आइसकेपछि हार खाएर बाहिर जाने होइन, कार्यसम्पादन गरी उपलब्धितिर अघि बढ्ने हो । महिला प्रमुख भएको ठाउँमा असहजता मात्र होइन, विभिन्न संघसंस्थाले काम गर्न रुचाएको पनि पाएका छौँ ।

**महिला अध्यक्ष भएकै कारण प्रतिपक्षबाट थप दबाब झेल्नुपर्ने अवस्था छ कि छैन ?**

संघीय सरकारको प्रधानमन्त्रीले नेतृत्व गर्ने सरकारमा पनि असन्तुष्टि छ । पुरुष कार्यकारीलाई त अप्ठ्यारा देखिएका छन् । हामी हुँदा पनि त्यस्तो कहिलेकाहीँ हुन्छ ।

**पालिकामा घोषणापत्रअनुसार काम गर्न कत्तिको सहज छ ?**

जति मैले सोचेँ, त्योअनुसारको काम गर्न यहाँको विकासको संरचना, राजनीतिक बुझाइ पनि बाधक बन्यो । त्यसका बाबजुद पनि पक्ष-विपक्ष हुने, झगडा हुने, ज्ञापन पत्र आउने, बर्बादै गरेँ भन्नेहरू आउँछन् नै । त्यस्ता प्रश्न विपक्षबाट मात्रै होइन, आफ्नै दलभित्रबाट पनि आउँछन् । कहिलेकाहीँ कार्यालयमा ताला नै लगाउनुपर्ने अवस्था पनि आउँछ । कार्यालयमा ठुलो दलबलसहित गइयो भने महिला तर्सिन्छन् भन्नेहरू पनि देखिन्छन् । त्यसका बाबजुद काम गर्ने हो । चुनौतीलाई अवसरको रूपमा लिएकी छु ।

**महिला जनप्रतिनिधिका चुनौती के हुन् ?**

हामीलाई निर्णायक तहमा काम गर्ने अवसर कमै प्राप्त हुन्छ । महिलासँग निर्णय गर्न सक्ने क्षमता हुँदैन, भावनामा बगेर निर्णय लिन्छन् भन्ने आरोप लगाउँछन् । यस्ता चुनौती सामना गर्न सक्ने क्षमता पनि बढ्दै गएको छ । अप्ठ्याराहरूलाई धकेलेर अगाडि जानुपर्छ । त्यो आँट नगर्ने हो भने आउने पुस्ताका महिलाले यही कारणले विस्थापित हुनुपर्ने हुन्छ । चुनौतीलाई सरल तरिकाले लिनुपर्छ । अप्ठ्यारोबाट सिकेर संघीय व्यवस्थाले प्रदान गरेको अवसर लिने हो ।

**एकात्मक शासन व्यवस्थामा जस्तै केन्द्रले अधिकार दिन कन्ज्युस्याइँ गरिरहेको धेरै जनप्रतिनिधिको गुनासो सुनिन्छ । केन्द्र र प्रदेशले कस्ता–कस्ता अधिकार स्थानीय तहलाई हस्तान्तरण गर्न नचाहेका हुन् ?**

संघले स्थानीय तहको अधिकार कटौती गर्ने प्रपञ्च गरेको छ । संघले जे गरेको छ, प्रदेशले पनि त्यही गरेर स्थानीय तहलाई कस्ने काम गर्दै आएको छ । यस्तो गरेर संघीयताको मलजल हुँदैन । संघीयता बलियो बनाउन तीनै तहको सरकारले एकले अर्कोलाई सहयोग र समन्वय गरेर अगाडि बढ्नुपर्छ । अब पनि तीन तहको सरकार लडेर बस्नु भनेको यो व्यवस्थालाई दख्खल दिने काम मात्र हो । तर, हामी त खबरदारी गरेर नै अगाडि बढ्ने हो ।

# नेपालका चर्चित ट्रेकिङ रुट



जनजीवन र प्राकृतिक सम्पन्नताका लागि चर्चित छ । यहाँ ठुलो संख्यामा ट्रेकिङका पारखी जाने गर्छन् । मौसम सफा हुँदा लाङटाङ उपत्यकाबाट हिमालको राम्रो दृश्यावलोकन गर्न सकिन्छ । लिरुङ, दोर्जे लाक्पा, ग्यांगचेन्पोलगायत धेरै पिकको दृश्यावलोकन यहाँबाट गर्न सकिन्छ । तामाङ र शेर्पा समुदायको संस्कृति नजिकबाट नियाल्न पाइन्छ । परम्परागत गाउँ, प्राचीन गुम्बा र बौद्ध स्तूपा यस क्षेत्रका सम्पदा हुन् । घना जंगल, याक खर्कहरू हेर्दै ट्रेकिङ गर्नुको बेग्लै मज्जा छ । रेड पान्डा, हिमाली कालो भालु र असंख्य चरा यस क्षेत्रका आकर्षण हुन् । काठमाडौंबाट स्याफ्रुबेसीसम्म गाडीमा गएपछि त्यहाँबाट ट्रेकिङ सुरु हुन्छ । स्थानीय र तीर्थयात्रीका लागि पनि यो ट्रेकिङ विशेष छ । बौद्धगुरु रिम्पोचे पद्मसम्भव यहाँ आएर ध्यान गरेको जनविश्वास छ ।

**३. मकालु बेस क्याम्प :** संखुवासभाको तुम्लिङटारबाट यो यात्रा सुरु हुन्छ । यो नेपालकै चुनौतीपूर्ण ट्रेकिङ रुटमध्ये एक मानिन्छ । यात्रा सकेर तुम्लिङटार फर्कन १६ दिन लाग्छ । यस पदमार्गका दौरान संसारको पाँचौँ अग्लो शिखर मकालु हिमालको आधार शिविरसम्म पुगिन्छ । मकालु बेस क्याम्प पूर्वी नेपालमा अवस्थित छ । मकालु-वरुण राष्ट्रिय निकुञ्जमा अवस्थित यो क्षेत्र यसको घना जंगल र जैविक विविधताका लागि प्रसिद्ध छ । मकालु बेस क्याम्प ट्रेकका मुख्य आकर्षणमा मकालु बेस क्याम्प, वरुण उपत्यकालगायत पर्छन् । शेर्पा, राई र भोटे समुदायको बस्ती पार गर्दै यहाँ पुगिन्छ । ट्रेकका दौरान मकालु, कञ्चनजंघा, सगरमाथा, ल्होत्से र चाम्लाङजस्ता अग्ला हिमालको मनमोहक दृश्य नजिकबाट नियाल्न पाइन्छ । रेड पान्डा यस क्षेत्रको आकर्षण हो ।

**४. तल्लो डोल्पा :** यो यात्रा पनि चुनौतीपूर्ण नै छ । जुफलबाट सुरु हुने यात्रा अविस्मरणीय रहन्छ । यो नेपालका दुर्गम ट्रेकिङ गन्तव्यमध्ये एक हो । सांस्कृतिक विविधता, प्राकृतिक सुन्दरता र दुर्गम साहसिक यात्राको अनौठो अनुभव यसले दिलाउँछ । यस ट्रेकका दौरान हरियाली जंगलदेखि सुक्खा, ढुंगे भूभाग हुँदै अघि बढ्नुपर्छ । से फोक्सुन्डो ताल यात्राको मुख्य आकर्षण हो । यसको गहिरो निलो कञ्चन पानी नियाल्न पाउँदा मानिस भाग्यमानी महसुस गर्छन् । कान्जिरोवा हिमाल, नोरबुङ काङ र धौलागिरि शृंखलाको दृश्यावलोकनले यात्रालाई थप सुन्दर बनाउँछ । फोक्सुन्डो ताल क्षेत्र सांस्कृतिक रूपमा महत्त्वपूर्ण छ, जहाँ तिब्बती धर्मको अभ्यास देख्न सकिन्छ । यस क्षेत्रका परम्परागत ढुंगाका घर छन् ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



# बार एसोसिएसन केन्द्रीय समितिको चुनाव २३ चैतमा

**काठमाडौं**/ कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनको २७ औं कार्यसमितिका लागि २३ चैतमा चुनाव हुने भएको छ। यसका लागि बारले निर्वाचन समितिसमेत गठन गरिसकेको छ। केन्द्रीय कार्यसमितिको १७ माघमा बसेको बैठकले २७औं कार्यसमितिका लागि उक्त निर्वाचन समितिको गठन गरेको हो। बारकी महासचिव अञ्जिता खनालद्वारा जारी सूचनाअनुसार २५ सदस्यीय कार्यसमितिका लागि २३ चैतमा निर्वाचन हुने भएको हो। बारले रामकृष्ण निरालालाई प्रमुख निर्वाचन अधिकृत तोकेको छ भने वरिष्ठ अधिवक्ताद्वय ताराबहादुर सिटौला र तेजनाथ धमला निर्वाचन अधिकृत छन्। यसैगरी सेवन्तराज निरौला र चन्द्रबहादुर शाहीलाई पनि निर्वाचन अधिकृतमा तोकिएको सूचनामा उल्लेख छ। ०७८ मा भएको चुनावले हालको कार्यसमिति चयन गरेको हो। बारका पदाधिकारीको कार्यकाल तीन वर्षको हुन्छ।


## कृषि विकास बैंक लि.
### मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं

## अठारौं वार्षिक साधारणसभाको निर्णय (संक्षिप्त)

(कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) को प्रयोजनको निमित्त प्रकाशित)

**सभाको अध्यक्षता**
कृषि विकास बैंक लि.को अठारौं वार्षिक साधारणसभा बैङ्क सञ्चालक समितिका अध्यक्ष श्री रामशरण पुडासैनीज्यूको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो।

**सभाको मिति, स्थान तथा समय**
मिति : वि.सं. २०८१ पौष २९ (१३ जनवरी, २०२५)
स्थान : कृषि विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठान, बोडे, भक्तपुर।
समय : दिनको ११:०० बजे

**कुल उपस्थिति संख्या**

| कुल सेयर कित्ता १३,४५,१६७४०.७८ | स्वयं उपस्थित कित्ता संख्या ६,८८,५१,६४६ | प्रतिनिधिपत्रमार्फत उपस्थित सेयर कित्ता संख्या ४१०१५९२ | कुल उपस्थित सेयर कित्ता ७२९५३२३८ | सेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| कुल सेयरधनी संख्या ३,८३,४१५, भौतिक तथा अभौतिक समेत गरेर) | स्वयं उपस्थित सेयरधनी संख्या २८१ | प्रोक्सी तथा प्रतिनिधि मार्फत उपस्थित सेयरधनी संख्या ४ | २८५ | ५४.२३% |

**सभाको वैधानिकता**
अठारौं वार्षिक साधारणसभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम सम्पूर्ण सेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरुपको गणपूरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले सभासमक्ष प्रस्तुत गर्नु भयो। सभा बोलाउनका लागि प्रचलित कानुनी व्यवस्थाको पालना गरेको पाइएको र सभाका लागि आवश्यक गणपूरक संख्या समेत पुगेकाले अध्यक्षज्यूले आजको सभाको कामकारबाही सुरु हुने जानकारी गराई कम्पनी सचिव श्री हिमलाल पौडेललाई सभाको कार्य अगाडि बढाउन अनुमति दिनुभयो। तत्पश्चात कम्पनी सचिवले सभाको कामकारबाहीलाई अगाडि बढाउनु भयो।

**छलफलमा सहभागी हुने सेयरधनी महानुभावहरू**
सामान्य तथा विशेषतर्फको प्रस्तावहरू सभामा छलफलका लागि प्रस्तुत भए लगत्तै सभामा उपस्थित सेयरधनीहरूमध्ये आफनो मन्तव्य साधारणसभामा राख्नु हुनेमा क्रमशः श्री व्यासकुमार शर्माज्यू, श्री दिलीप श्रेष्ठज्यू, श्री अंगराज भारतीज्यू र लिखित मन्तव्य राख्नु हुनेमा क्रमशः श्री चन्द्रनारायण श्रेष्ठज्यू, श्री माया पन्थीज्यू, श्री ज्ञानेन्द्रराज ओझाज्यू, श्री नरसिंहलाल चंखुज्यु, श्री उद्धव प्रसाद घिमिरेज्यूले लिखित रूपमा प्राप्त मन्तव्य समेत गरी ८ जना सेयरधनी महानुभावहरूले बैंकको कामकारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा छलफलका लागि उपस्थित भई तथा लिखित रूपमा अत्यन्त महत्त्वपूर्ण विचार, महत्त्वपूर्ण राय, जिज्ञासा एवं सुझावहरू प्रस्तुत गर्नुभयो।

**अध्यक्षबाट छलफलमा आएका विषयका बारेमा जवाफ र प्रतिउत्तर**
यसको लगत्तै सञ्चालक समिति अध्यक्ष श्री रामशरण पुडासैनीज्यूले सेयरधनीहरूले उठाएका प्रश्न, जिज्ञासा, राय, सुझाव एवं धारणा उपर जवाफ एवं प्रतिक्रिया दिनु भयो।

**सभाको निर्णय**
(क) **सामान्य प्रस्तावहरू :**
आदरणीय सेयरधनी महानुभावहरूले उठाउनुभएको प्रश्न, जिज्ञासा एवं सुझावका सम्बन्धमा वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनुभएका सञ्चालक समितिका अध्यक्षले जवाफ/जानकारी दिनु भएपश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले सर्वप्रथम सामान्य प्रस्तावको क्रमशः सूची नं. (१), (२), (३), (४),(५) मा रहेको प्रस्तावलाई पारित गरिदिन सभासमक्ष अनुरोध गर्नु भएकोमा प्रस्ताव पेश गरिएअनुसार नै सामान्य प्रस्तावको सम्बन्धमा देहायअनुसारको सर्वसम्मत निर्णय भयो :

१. निर्धारित विषयसूची नं. (१), सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो।
२. निर्धारित विषय सूची नं. (२), लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू सर्वसम्मतिबाट पारित भयो।
३. निर्धारित विषय सूची नं. (३), यस बैंकको सहायक कम्पनीहरू "कोष व्यवस्थापन कम्पनी लि." तथा "गोबर ग्याँस कम्पनी" को आ.व. २०८०/८१ को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरणहरू सर्वसम्मतिबाट पारित भयो।
४. निर्धारित विषय सूची नं.(४), सञ्चालक समितिको प्रस्तावबमोजिम साधारण सेयरको चुक्ता पुँजीमा बोनस प्रदान गर्दा बोनस सेयरमा लाग्ने कर प्रयोजन समेत गरी प्रतिसेयर ७.५३ (सात दशलमलब पाँच तीन) प्रतिशत नगद लाभांश रु.१,०१,२९,११,०५८।०७ र अविमोच्य असञ्चिति अग्राधिकार (Non Cumulative Irredeemable Preference Share) सेयरधनीलाई तोकिएबमोजिमको चुक्ता पुँजीको ६ प्रतिशत नगद लाभांश रु.३२,५९,६२,७२०।-वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।
५. लेखापरीक्षण समितिको सिफारिस र सञ्चालक समितिको निर्णयबमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गरिएकोमा आजका मितिसम्म पनि महालेखापरिक्षकको कार्यालयबाट नामावली प्राप्त नभएको हुँदा भविष्यमा प्राप्त हुनु हुने लेखापरीक्षकलाई गत आर्थिक वर्षको पारिश्रमिक तथा सेवा शर्त सुविधाभित्र रहेर नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त (मूल्य अभिवृद्धि करबाहेक) बापत क्रमशः जम्मा रु.२५,००,५०० ।- (अक्षरेपी पच्चीस लाख पाँच सय रुपैयाँ मात्र) पारिश्रमिक उपलब्ध गराउने तर महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त हुँदा लेखापरीक्षकको संख्या एक भन्दा बढी भएमा उक्त रकम नै दामासाहीले उपलब्ध गराउने, काठमाडौं उपत्यका बाहिर काम गरेको दिनमा Perdiem & Accommodation बापत लेखापरीक्षकलाई प्रतिदिनको रु.२,०००।- (अक्षरेपी दुई हजार रुपैयाँ मात्र) र अन्य सहयोगीलाई प्रतिदिनको रु.१,८००।- (अक्षरेपी एक हजार आठ सय रुपैयाँ मात्र) तथा भ्रमण टिकट सुविधा उपलब्ध गराउने। मुख्य कार्यालयका विभागहरू र काठमाडौं उपत्यकाभित्र लेखापरीक्षण गरेको दिनमा बैंकको नियामानुसार उपत्यका बाहिर उपलब्ध गराइने दरको आधा रकम मात्र उपलब्ध गराउने, लेखापरीक्षकले बैंकसँग सम्झौता गरेको ७ (सात) दिनभित्र लेखापरीक्षणमा संलग्न हुने जनशक्ति विवरण समेतको विस्तृत योजना तथा कार्यक्रम (Audit Plan) पेश गर्नुपर्नेछ। मिति २०८२ असोज महिनाभित्र अन्तिम लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ, अन्य कुराहरू सम्झौतामा उल्लेख गरेअनुसार हुनेछ र लेखापरीक्षण कार्यलाई व्यवस्थित तुल्याउन बैंक व्यवस्थापन र महालेखा परिक्षकको कार्यालयबाट प्राप्त हुने लेखापरीक्षकहरू बीच उल्लिखित सेवा, शर्त र सुविधाको अधिनमा रही विस्तृत रूपमा कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाउने भन्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

(ख) **विशेष प्रस्ताव**
सामान्य प्रस्तावको उल्लेखित विषयहरूमा छलफल तथा निर्णय भएपश्चात् कम्पनी सचिवले विशेष प्रस्तावको निर्णयका लागि आवश्यक पर्ने संख्या सभाहलमा कायम रहेको सम्बन्धमा सभालाई जानकारी गराएलगत्तै विशेष प्रस्तावको सूचीमा रहेका क्रमशः सूची नं. (१), (२), (३), (४),(५), (६) प्रस्तावहरूलाई पारित गरी दिन निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा त्यसैअनुरुप देहायअनुसार सर्वसम्मत निर्णय भयो :

१. *निर्धारित विषयसूची नं. (१) को प्रस्ताव :* साधारण सेयरधनीहरूलाई चुक्ता पुँजीको ३ प्रतिशतले हुने .रु.४०,३५,५०,२२२।३४ बराबर को बोनस सेयर प्रदान गर्ने सम्वन्धी सञ्चालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो।
२. *निर्धारित विषयसूची नं.(२) को प्रस्ताव :* प्रस्ताव (१) बमोजिमको बोनस सेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरी बैंकको जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने विषयहरू समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धी दफा/नियम एवं उप-दफा/उप-नियमहरू संशोधन तथा थप गर्ने सम्बन्धी संलग्न तीन महले सहितको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो।
३. *निर्धारित विषयसूची नं.(३) को प्रस्ताव :* बैंकको प्रबन्धपत्रको दफा ५ को उप-दफा (२), (३), र दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी तीन महले सहितको विशेष प्रस्ताव पेश गरिएअनुसार नै संशोधन/थप हुने गरी सर्वसम्मतिले पारित भयो।
४. *निर्धारित विषय सूची नं.(४) को प्रस्ताव :* निर्धारित विषय सूची नं.(४) बैंकको नियमावलीको नियम ५ को उपनियम (२) र (३), नियम ७ को उपनियम (१) को खण्ड (क) र (ख), मा संशोधन तथा थप गर्ने सम्बन्धी तीन महले सहितको विशेष प्रस्ताव पेश गरिएअनुसार नै संशोधन/थप हुने गरी सर्वसम्मतिले पारित भयो ।
५. *निर्धारित विषय सूची नं.(५) को प्रस्ताव :* बैंकको नियमावलीको नियम १६ को उप-नियम (१) को खण्ड (क) मा संशोधन तथा थप गर्ने सम्बन्धी तीन महले सहितको विशेष प्रस्ताव पेश गरिएअनुसार नै संशोधन/थप हुने गरी सर्वसम्मतिले पारित भयो ।
६. *निर्धारित विषयसूची नं. (६) को प्रस्ताव :* बैकको प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानुनबमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने विषय सर्वसम्मतिले पारित भयो ।

(ग) **विविध प्रस्ताव**
विविधमा कुनै पनि प्रस्ताव नभएको।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन**
सभाको अन्तमा सभाको अध्यक्षता गरिरहनुभएका सञ्चालक समितिका अध्यक्ष श्री रामशरण पुडासैनीज्यूले उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन भएको घोषणा गर्नु भयो। सभाको काम कारबाहीको विवरण (माईन्युट) विस्तृत रूपमा अध्ययन गर्न इच्छुक सेयरधनी महानुभावहरूले यस बैंकको वेभसाइट **www.adbl.gov.np** मा हेर्न वा मुख्य कार्यालय रामशाहपथमा आई हेर्न, अध्ययन गर्न वा प्रतिलिपि प्राप्त गर्न सक्नु हुनेछ।

हिमलाल पौडेल
कम्पनी सचिव

रामशरण पुडासैनी
अध्यक्ष, सञ्चालक समिति


# आइटीका विद्यार्थी माइकलको समूहले एक वर्षमा गर्‍यो तीन अर्ब अनलाइन ठगी

नयाँ पत्रिका



अनलाइनबाट एक समूहले संगठित रूपमा तीन अर्बभन्दा धेरै ठगी गरेको छ। कैलालीका माइकल डगौरा (चौधरी)सहितको समूहले अन्तर्राष्ट्रिय सञ्जाल बनाएर ठगी गरेको हो। उनीसहित सातजनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको छ।

ठगी गर्नेमा कैलालीको बर्दगोरिया गाउँपालिका-६ घर भई काठमाडौंको बुढानीलकण्ठ बस्ने माइकलसहित उनका सहयोगी सोही स्थानका अनिल विश्वकर्मा, काठमाडौं बुढानीलकण्ठका पीयूष श्रेष्ठ, दोलखा भीमेश्वरका आश्विन चौलागाईं, रौतहटका सत्यमकुमार सहनी र भारतीय नागरिकद्वय रोशन कुमार र मुन्ना कुमार छन्।

सो गिरोहले एक वर्षभन्दा लामो समयदेखि अनलाइन ठगी गर्दै आएको सिआइबीले जनाएको छ। 'डिजिटल फरेन्सिक रिपोर्टअनुसार तीन अर्बभन्दा धेरै ठगी गरेको देखिन्छ,' सिआइबीका प्रवक्ता एसपी सुधीरराज शाहीले भने, 'यसरी ठगी गरेकोमध्ये करिब ५४ करोड क्रिप्टोमा लगानी गरेका छन्।' सिआइबीले उनीहरूमाथि ठगीसहित क्रिप्टो र हुन्डी कारोबारमा पनि अनुसन्धान भइरहेको जनाएको छ।

२२ वर्षीय माइकल आइटीका विद्यार्थी हुन्। उनले बुढानीलकण्ठमा घर किन्नुका साथै महँगो गाडीसमेत खरिद गरिसकेका थिए। कुनै पेसामा आबद्ध नभएका उनले अनलाइन ठगी र क्रिप्टो कारोबारबाटै सो सम्पत्ति कमाएको प्रहरी अधिकारी बताउँछन्। उनको बाइनान्स एपमा ५४ करोडबराबरको मौज्दात देखिएको छ। बैंक खातामा करिब सात करोड रहेको प्रहरी स्रोत बताउँछ।

एसपी शाहीका अनुसार मुख्य गरी इसेवाका प्रयोगकर्तालाई आफूहरू अफिसबाट बोलेको भन्दै फोन गरी सिस्टम अपडेटका नाममा ओटिपी मागेर खाता ह्याक गरी पैसा चोरी गर्दै आएका थिए। यसरी ठगिनेको संख्या ठुलो रहेको प्रहरी अधिकारी बताउँछन्।

उनीहरूले धेरैजसो पोस्टपेड नम्बर चलाउने इसेवा प्रयोगकर्तालाई लक्षित गरेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी बताउँछन्। यसरी फोन गर्न उनीहरूले करिब ४० वटा सिमकार्ड निकालेका थिए। त्यस्ता सिमकार्ड नक्कली परिचयपत्रका आधारमा निकालेर संगठित रूपमा यस्तो ठगी भएको थियो।

कतिपयलाई सामाजिक सञ्जालमा अनलाइन जागिरको विज्ञापन गरी लिंक पठाएर साइबर फिसिङ गरेका छन्। ठगीको पैसा उनीहरूले विभिन्न व्यक्तिको खाता हुँदै विदेश पठाउने गरेका थिए। यो गिरोहमा संलग्न धेरैजना फरार रहेको एसपी शाही बताउँछन्। प्रहरीले पक्राउ परेका आरोपीविरुद्ध संगठित अपराधको कसुरमा पनि अनुसन्धान अघि बढाएको छ।

गिरोहका नाइके चौधरीले विदेशीहरूसँगको संगतमा आफूले यस्तो ठगी सिकेको प्रहरीसँग बताएका छन्। उनी काठमाडौंको एक कलेजमा आइटीसम्बन्धी विषयमा स्नातक तहमा अध्ययनरत छन्।

# नवीकरणीय ऊर्जा र दक्षता कार्यक्रमको सम्झौता संशोधनमा हस्ताक्षर

**काठमाडौं**/ नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता कार्यक्रम कार्यान्वयनको सम्झौता संशोधनमा हस्ताक्षर भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र जर्मन प्राविधिक सहयोग संस्था जिआइजेड नेपालद्वारा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तीकरण (रिप-ग्रिन)कार्यक्रमको दोस्रो संशोधित कार्यान्वयनका लागि शुक्रबार सम्झौतामा हस्ताक्षर गरिएको हो।

ललितपुरमा आयोजित कार्यक्रममा ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्य, नेपालका लागि युरोपियन युनियनका प्रतिनिधिमण्डलका प्रमुख जोसे लुइस बिनुएसा-सान्तामारिया, काठमाडौंस्थित जर्मन दूतावासका उपप्रमुख बेन्जामिन साइडलको उपस्थिति थियो।




नेपाल र जर्मनी सरकारबिच भएको प्राविधिक सहयोग सम्झौतालाई यो कार्यक्रमले २३ जनवरीमा औपचारिकता प्रदान गर्नेछ, जसअन्तर्गत थप ६ मिलियन युरो वित्तीय सहयोग र तीन वर्षको परियोजना विस्तारका लागि सहमति भएको थियो।

नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तीकरणको उद्देश्य नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका पहललाई प्रवर्द्धन गर्न आवश्यक पर्ने नियामक, संस्थागत संरचना तथा निजी क्षेत्रको सहभागिताका लागि उपयुक्त अवस्था सिर्जना गर्नु र ऊर्जाको दिगो उपयोग तथा उत्पादनलाई बढावा रहेको जनाइएको छ।

परियोजना राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरमा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धित नीति तथा संस्थागत संरचनालाई सुदृढ गर्न केन्द्रित छ। परियोजनामार्फत निजी क्षेत्रद्वारा १६ वटा नवीकरणीय ऊर्जा परियोजना (जस्तै, माइक्रो-हाइड्रो ग्रिड जडान, विद्युतीय सवारीसाधन चार्जिङ स्टेसन आदि) कार्यान्वयन भइसकेका छन्।


## उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## हार्दिक समवेदना



जन्म
वि.सं. २००८/९/७

स्वर्गारोहण
वि.सं. २०८१/१०/७

**स्व. तिलकप्रसाद तिवारी**

हाम्री सहकर्मी वसन्ती तिवारी (अधिकारी)का पूजनीय पिता **तिलकप्रसाद तिवारी**को असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नयाँ पत्रिका
परिवार

# प्रहरीको ३६ रोपनी जग्गा आफ्नो नाममा दर्ता गर्ने मालपोतका सुब्बा दोषी ठहर

**काठमाडौं**/ काभ्रेपलाञ्चोकस्थित नेपाल प्रहरीको ३६ रोपनी जग्गा आफ्नो नाममा ल्याउने मालपोतका पूर्वनायब सुब्बा पुस्करबहादुर बस्नेत दोषी ठहर भएका छन्। काभ्रे जिल्ला अदालतका न्यायाधीश शिवकुमार पोखरेलको शुक्रबारको इजलासले ६४ वर्षीय बस्नेतलाई सरकारी छाप दस्तखत किर्तेसम्बन्धी कसुरमा दोषी ठहर गरेको हो। सजाय निर्धारण भने ५ फागुनमा हुने अदालतका स्रेस्तेदार कर्णबहादुर राईले बताए।

पनौती नगरपालिका- ६ मा निर्माणाधीन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको जग्गा हिनामिनाको प्रयासमा उनीमाथि गत वर्ष २७ मंसिरमा मुद्दा दायर भएको थियो। बस्नेतलाई किर्ते अभियोगमा गत वर्ष मंसिर पहिलो साता प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको थियो।

सरकारले भोगचलनका लागि भनी वन क्षेत्रमा पर्ने उक्त जग्गा १५ साउन ०५२ को मन्त्रिपरिषद्को निर्णयले प्रहरीलाई दिएकोमा बस्नेतले आफ्नो भनी दाबी गरेका थिए। उनले जग्गा दाबी गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए, जुन खारेज भइसकेको छ। उनले किर्ते गरी जग्गामा दाबी गरेको पुष्टि भएपछि अदालतले सजाय सुनाउने मिति तोकेको हो।

# बागमतीको हिउँदे अधिवेशन सुरु

**मकवानपुर**/ बागमती प्रदेश सभाको हिउँदे अधिवेशन शुक्रबारबाट सुरु भएको छ। चार महिनापछि बसेको प्रदेश सभाको १५औं अधिवेशन बैठकमा प्रतिपक्षी सांसद आलोचना र सत्तापक्ष भने बचाउमा लागे।

मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले नागरिकको आवश्यकता र माग पूरा गर्न सरकारले काम गरिरहेको बताए। 'विपत्बाट प्रभावित नागरिकका लागि राहत वितरण, विपत् प्रभावित क्षेत्रको पुनर्निर्माणको काममा तीव्रता दिने सरकारको प्राथमिकतामा छ,' उनले भने, 'प्रदेश राजधानी र संघीय राजधानीसहित प्रदेशअन्तर्गतको सडक पूर्वाधार पुनर्निर्माणमा काम भइरहेको छ। प्रदेश सरकारको आयोजना छनोट व्यवस्थित गर्ने आयोजना बैंक निर्माण गरी आगामी आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी अघि बढाइएको छ।'

एमाले संसदीय दलका नेता जगन्नाथ थपलियालले राजनीतिक स्थिरताको काम वर्तमान सरकारले गरिरहेको बताए।

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १९ माघ ०८१

## पुस मसान्तसम्म २५ खर्ब ३६ अर्ब ऋणमा देश

# सरकारले फेरि लियो १३ अर्ब ऋण

लक्ष्यअनुसार राजस्व संकलनमा कडाइ र बढ्दो प्रशासनिक खर्च नियन्त्रण गर्नुको सट्टा बर्सेनि ऋण लिएर शासन गर्ने प्रवृत्ति मौलाउँदै, तोकिएको क्षेत्रमा खर्च नगर्दा विगतमा अनुदान दिने दाताबाट अहिले ऋण लिनुपर्ने बाध्यता

**अजित अधिकारी**/नयाँ पत्रिका

१५ माघमा बसेको मन्त्रिपरिषद् बैठकले विश्व बैंकबाट सय मिलियन डलर (करिब १३ अर्ब रुपैयाँ) ऋण लिने निर्णय गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले शुक्रबार दिउँसो मन्त्रिपरिषद्ले गरेको निर्णय सार्वजनिक गर्दै हरित उत्थानशील र समावेशी विकास कार्यक्रमका लागि विश्व बैंकको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिएका हुन्।

सरकारले चालू आर्थिक वर्ष ०८१/८२ मा आन्तरिक तथा बाह्य ऋण लिएर सरकारी खर्च धान्ने प्रवृत्ति बढाएको छ। अर्थ मन्त्रालयका अनुसार चालू आवको पुस मसान्तसम्म कुल दुई खर्ब ४० अर्ब नौ करोड रुपैयाँ ऋण उठाइसकिएको छ। यसमध्ये आन्तरिक ऋण एक खर्ब ८१ अर्ब पाँच करोड र बाह्य ऋण ५९ अर्ब तीन करोड रुपैयाँ रहेको छ। लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेपछि बढ्दो खर्च धान्न ऋणको भर पर्नुपरेको हो।

ऋण लिएको रकम कर्मचारीको तलब-भत्ता र अन्य प्रशासनिक क्षेत्रमा खर्च भइरहेको छ। ६ महिनामा सात खर्ब सात अर्ब रुपैयाँ चालू खर्चमा प्रयोग भएको छ भने ६२ अर्ब रुपैयाँ मात्रै पुँजीगत खर्च भएको छ। ऋणको साँवा-ब्याज भुक्तानीमा एक खर्ब ८२ अर्ब ४० करोड रुपैयाँ खर्च भएको छ।




### ६ महिनामै एक खर्ब बढ्यो सरकारी ऋण

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आवको पुस मसान्तसम्म सरकारी ऋण एक खर्ब दुई अर्ब तीन करोड रुपैयाँले बढेको छ। गत आव ०८०/८१ को अन्त्यसम्म २४ खर्ब ३५ अर्ब नौ करोड रहेको सार्वजनिक ऋण चालू आवको पुस मसान्तसम्म आइपुग्दा २५ खर्ब ३६ अर्ब १३ करोड रुपैयाँ पुगेको हो। कुल गार्हस्थ्य उत्पादनमा ऋणको हिस्सा ४४.४६ प्रतिशत पुगेको छ।

### लक्ष्यअनुसार राजस्व उठाउन असफल

लक्ष्यअनुसार राजस्व उठाउन सरकार असफल भएको छ। चालू आवको पुस मसान्तसम्म ६ खर्ब ७२ अर्ब ८२ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखिएकोमा पाँच खर्ब ६७ अर्ब ४० करोड रुपैयाँ मात्रै संकलन भएको अर्थ मन्त्रालयले जनाएको छ। लक्ष्यको तुलनामा एक खर्ब पाँच करोड कम राजस्व उठेको छ। राजस्वमा सबैभन्दा बढी योगदान गर्ने भन्सार, भ्याट, अन्तःशुल्क र आयकर लक्ष्यको तुलनामा कम संकलन हुँदा समग्र आयमा असर परेको हो।

■ शुक्रबार संसद्लाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भने-

## ल्यागतले भ्याएसम्म ऋण लिनुपर्छ



कुनै समय 'धेरै ऋण ल्याउन सक्ने अर्थमन्त्री- सफल अर्थमन्त्री'को समेत न्यारेटिभ्स मुलुकमा थियो। अहिले समय फेरिएको छ। अनुदान हाम्रो राष्ट्रिय स्वार्थसँग नबाझ्ने र ऋण-सहायता हाम्रो ल्यागतले तिर्न सक्ने लेखाजोखा गरेर नै लिनुपर्छ। चोखो बन्छु भनेर अविकासमा जकडिने र उत्पात गर्छु भनेर भावी पुस्तालाई अन्धाधुन्ध ऋणको जालोमा पार्ने काम यो सरकारबाट मात्रै होइन, कुनै पनि सरकारले गर्नुहुँदैन।




### ■ दाताले नपत्याउँदा आउनै छाड्यो अनुदान

चालू आर्थिक वर्ष ०८१/८२ मा ५२ अर्ब ३३ करोड रुपैयाँ अनुदान प्राप्ति गर्ने लक्ष्य राखेकोमा पुस मसान्तसम्म सात अर्ब ७२ करोड रुपैयाँ मात्रै प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ।

# त्रिभुवन विमानस्थल आजदेखि १६ घण्टा खुल्ने, १५ प्रतिशत उडान बढ्ने

वार्षिक एक करोड यात्रुलाई सेवा दिन सक्ने गरी धमाधम स्तरोन्नति

**नवीन अर्याल**/नयाँ पत्रिका

स्तरोन्नतिका लागि दैनिक १४ घण्टा मात्र सञ्चालन हुँदै आएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शनिबारदेखि १६ घण्टा सञ्चालनमा आउने भएको छ। धावनमार्गबाट ७५ मिटरभित्र पर्ने संरचना निर्माण कार्य सकिएकाले विमानस्थल सञ्चालन अवधि बढाइएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

'शनिबारदेखि आठ घण्टा (राति ११ बजेदेखि बिहान ७ बजेसम्म) मात्र बन्द गरेर स्तरोन्नतिको काम गरिनेछ' प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले भने। २३ कात्तिकदेखि दैनिक १० घण्टा (राति १० बजेदेखि बिहान ८ बजेसम्म) विमानस्थल बन्द गरेरै स्तरोन्नतिको काम हुँदै आएकोमा अहिले सञ्चालन अवधि बढाइएको हो।

प्राधिकरणका अनुसार विमानस्थलमा ट्याक्सी वे, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जहाज पार्किङस्थल, ह्यांगरलगायतका पूर्वाधार निर्माण भइरहेको छ। स्तरोन्नतिका कारण त्रिभुवन विमानस्थलबाट राति १० बजेदेखि बिहान ८ बजेसम्म हुने उडानहरू अगाडि-पछाडि सारिएको छ भने ३३ प्रतिशत उडान कटौती गरेर भैरहवा डाइभर्ट गरिएको छ।

धावनमार्गबाट ७५ मिटरभित्र पर्ने संरचनाको काम भने आगामी १८ चैतभित्र सक्ने लक्ष्य राखिएको छ। हालसम्म करिब ४० प्रतिशत काम सकिएको प्राधिकरणले जनाएको छ।

विमानस्थलको पूर्वतर्फ सेना, वायुसेवा निगम, यती एयरलाइन्स, सौर्य एयरलाइन्सलगायतका लागि ह्यांगर निर्माण भइरहेको छ। पहिलो चरणको काम सकिएपछि वार्षिक एक करोड यात्रुलाई सेवा दिने पूर्वाधार तयार हुने विमानस्थलमा क्षमता अभिवृद्धि परियोजनाले जनाएको छ।



रातको समयमा त्रिभुवन विमानस्थल विस्तारको काम गर्दै।

### विमानस्थल विस्तारमा ४०% प्रगति भएको छ

● **ज्ञानेन्द्र भुल**, सहायक प्रवक्ता, नागरिक उड्डयन प्राधिकरण



२३ कात्तिकदेखि दैनिक १० घण्टा विमानस्थल बन्द गरेरै स्तरोन्नतिको काम हुँदै आएकोमा शनिबारदेखि आठ घण्टा (राति ११ बजेदेखि बिहान ७ बजेसम्म) मात्र बन्द गरेर स्तरोन्नतिको काम गरिनेछ। स्तरोन्नतिका कारण केही उडान अगाडि-पछाडि सारिएको छ भने ३३ प्रतिशत कटौती गरेर भैरहवा डाइभर्ट गरिएको छ।

### उडान थप्न वायुसेवा कम्पनीको माग

विमानस्थलमा दुई घण्टा उडान अवधि थपिएपछि करिब १५ प्रतिशत उडान थपिने प्राधिकरणका सहायक प्रवक्ता ज्ञानेन्द्र भुलले बताए। 'बिहानको एक घण्टा आन्तरिक र बेलुकाको एक घण्टा अन्तर्राष्ट्रिय वायुसेवाका लागि खुला गरेको जस्तै भएको छ,' उनले भने, 'दुई घण्टा अवधि थपिँदा आन्तरिक ५ प्रतिशत र अन्तर्राष्ट्रिय १० प्रतिशत हाराहारी उडान थपिने अनुमान गरिएको छ।'

विमानस्थल १४ घण्टा मात्र सञ्चालन हुँदा दैनिक औसतमा २२० आन्तरिक उडान-अवतरण र ७८ वटा अन्तर्राष्ट्रिय उडान-अवतरण हुँदै आइरहेको छ। अब दुई घण्टा उडान अवधि थपिँदा आन्तरिक उडान २९० र अन्तर्राष्ट्रिय उडान करिब सयको संख्यामा पुग्ने सहप्रवक्ता भुलले जानकारी दिए। दुई घण्टा अवधि थपिएपछि वायुसेवा कम्पनीहरूले पनि उडान रि-सेड्युल गर्दै छन्। अगाडि र पछाडि धकेलिएका उडानहरू पहिलेकै समयमा सार्न प्राधिकरणलाई आग्रह गरेका छन्। 'वायुसेवा कम्पनीहरूले उडान माग गरेपछि हामीले अनुमति दिने हो, उनीहरूले रि-सेड्युल गर्दै छन्, अब उडानहरू थपिँदै जान्छन्,' भुलले भने।

# पोखरामा भूमिगत तारबाट बिजुली आपूर्ति



अनुगमन गर्दै विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ।

नयाँ पत्रिका

विद्युत् प्राधिकरणले पोखरामा भूमिगत वितरण प्रणालीमार्फत विद्युत् आपूर्ति सुरु गरेको छ।

पहिलो चरणमा पोखराको कुँडहर १३२/११ केभी सबस्टेसनदेखि पश्चिमतर्फ अमरसिंह चोक, बुद्धचोक हुँदै सेती नदी पुलखण्डसम्मको वितरण लाइन भूमिगत गरी त्यस क्षेत्रका करिब तीन सय ग्राहकलाई विद्युत् आपूर्ति दिइएको हो।

मुग्लिन-पोखरा सडक विस्तार आयोजनासँगको समन्वयमा प्रसारण तथा वितरण प्रणालीलाई भूमिगत गरी त्यहाँस्थित जमिनमाथिका बिजुलीका तार र पोल हटाइएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वितरण प्रणाली भूमिगत बनाउने कार्यको अनुगमन गरी काम सम्पन्न भएको क्षेत्रमा क्रमशः विद्युत् आपूर्ति दिन र ओभरहेड संरचना हटाउन निर्देशन पनि दिएका छन्।

महानगरपालिका, सडक कार्यालयलगायतका निकायसँग समन्वय गरी लेकसाइडको बाँकी काम तत्काल सम्पन्न गर्न पनि घिसिङले निर्देशन दिएका छन्।

पोखरा वितरण केन्द्रअन्तर्गत पर्ने मुख्य सहर तथा सडकहरूमा रहेका चार सय भोल्ट लाइनलाई भूमिगत गर्ने र उक्त क्षेत्रहरूमा अप्टिकल फाइबर बिछ्याउने काम भइरहेको छ। हालसम्म पोखरा क्षेत्रको समग्र निर्माण प्रगति ५४ प्रतिशत रहेको आयोजना प्रमुख आनन्द सुवेदीले जानकारी दिए। लेकसाइडस्थित अधिकतम स्ट्रिट क्षेत्रमा काम सम्पन्न भएकाले अब त्यहाँ पनि छिट्टै भूमिगत प्रणालीमार्फत विद्युत् आपूर्ति दिइने प्रमुख सुवेदीले बताए।

विद्युतीय तारसँगै अप्टिकल फाइबर बिछ्याउने हुँदा इन्टरनेट, दूरसञ्चार, केबल टेलिभिजन सेवाप्रदायकले उक्त अप्टिकल फाइबर प्रयोग गरी सेवा प्रदान गर्न सक्नेछन्। हाल भइरहेको ओभरहेड वितरण प्रणालीभन्दा भूमिगत प्रणाली सुरक्षित हुने र सहरी सौन्दर्य बढाउन मद्दत पुग्ने तथा हावाहुरी, पानी, चट्याङ इत्यादिका कारण विद्युत् प्रणालीमा अवरोध नहुने हुँदा भूमिगत वितरण प्रणाली सुरक्षित र भरपर्दो हुने प्राधिकरणले जनाएको छ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि

**काठमाडौं**/ नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। निगमले शुक्रबार रातिबाट लागू हुने गरी पेट्रोल दुई रुपैयाँ, डिजेल र मट्टीतेल समान चार रुपैयाँ र आन्तरिक हवाई इन्धन ६ रुपैयाँ प्रतिलिटर मूल्य बढाएको हो।

अन्तर्राष्ट्रिय विमान कम्पनीले भर्ने हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर ४३ डलरले वृद्धि गरिएको निगमले जनाएको छ। शुक्रबार दिउँसो इन्डियन आयल कर्पोरेसनबाट पेट्रोल १.५९ रुपैयाँ, डिजेल ३.५७ रुपैयाँ र हवाई इन्धन ६ रुपैयाँ प्रतिलिटरले वृद्धि भएर आएका कारण नेपाली बजारमा मूल्य समायोजन गरेको निगमले जनाएको छ। मूल्यवृद्धिपछि काठमाडौंमा पेट्रोल एक सय ६७ रुपैयाँ, डिजेल र मट्टीतेल समान एक सय ६० रुपैयाँ प्रतिलिटर पुगेको छ। त्यस्तै, आन्तरिक हवाई इन्धन एक सय ३२ रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन एक हजार तीन डलर प्रतिकिलोलिटर पुगेको निगमले जनाएको छ।

## NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
## एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

("नेपाल राष्ट्र बैंकबाट "घ"वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको")
इटहरी-९, सुनसरी, संपर्क नम्बर : ०११६६००३४, Email: info@nicasialaghubitta.com

### Interim Financial Statements

**Condensed Statement of Financial Position**
As on Quarter ended 29th Poush 2081 (13th Jan 2025)

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Assets | | |
| Cash and Cash Equivalent | 3,347,259,849 | 3,740,698,204 |
| Statutory Balances and Due from Nepal Rastra Bank | - | - |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and Advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 16,305,186,832 | 15,416,051,322 |
| Investment Securities | 12,888,000 | 13,638,000 |
| Current Tax Assets | 67,368,506 | 43,216,899 |
| Investment Property | 3,746,466 | 3,746,466 |
| Property and Equipment | 260,392,577 | 272,776,356 |
| Goodwill and Intangible Assets | 4,060,677 | 4,776,744 |
| Deferred Tax Assets | 145,402,326 | 145,357,326 |
| Other Assets | 515,984,970 | 66,219,972 |
| **Total Assets** | **20,662,290,203** | **19,706,481,289** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposits from Customers | 1,804,533,777 | 1,547,117,948 |
| Borrowings | 15,736,001,786 | 15,132,620,727 |
| Current Tax Liabilities | - | - |
| Provisions | 37,894,128 | 33,187,812 |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 519,072,906 | 432,218,625 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **18,097,502,596** | **17,145,145,111** |
| **Equity** | | |
| Share Capital | 1,739,440,000 | 1,739,440,000 |
| Share Premium | - | - |
| Retained Earnings | 16,914,133 | 60,048,598 |
| Reserves | 808,433,474 | 761,847,580 |
| **Total Equity** | **2,564,787,607** | **2,561,336,178** |
| **Total Liabilities and Equity** | **20,662,290,203** | **19,706,481,289** |

**Condensed Statement of Profit or Loss**
As on Quarter ended 29th Poush 2081 (13th Jan 2025)

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 438,409,454 | 906,321,072 | 511,275,217 | 1,105,098,804 |
| Interest Expense | 278,570,164 | 571,610,468 | 362,528,538 | 705,770,756 |
| **Net Interest Income** | **159,839,291** | **334,710,604** | **148,746,679** | **399,328,047** |
| Fee and Commission Income | 23,052,766 | 39,093,409 | 8,992,696 | 21,327,834 |
| Fee and Commission Expense | 275,277 | 3,339,543 | 9,807,807 | 26,989,361 |
| **Net Fee and Commission Income** | **22,777,489** | **35,753,866** | **(815,111)** | **(5,661,527)** |
| **Net Interest, Fee and Commisssion Income** | **182,616,780** | **370,464,470** | **147,931,568** | **393,666,520** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 3,376,175 | 6,930,650 | 7,279,908 | 12,440,029 |
| **Total Operating Income** | **185,992,955** | **377,395,120** | **155,211,476** | **406,106,549** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | (60,233,683) | (58,939,213) | 48,894,902 | 56,428,590 |
| **Net Operating Income** | **246,226,638** | **436,334,333** | **106,316,573** | **349,677,959** |
| **Operating Expense** | **241,700,687** | **430,415,535** | **152,013,043** | **327,562,893** |
| Personnel Expenses | 169,608,496 | 301,130,974 | 95,812,180 | 211,354,539 |
| Other Operating Expenses | 64,700,459 | 114,072,245 | 47,359,976 | 98,367,467 |
| Depreciation and Amortization | 7,391,732 | 15,212,316 | 8,840,887 | 17,840,887 |
| **Operating Profit** | **4,525,951** | **5,918,799** | **(45,696,470)** | **22,115,066** |
| Non-Operating Income | 1,943,679 | 3,460,223 | 148,680 | 694,456 |
| Non-Operating Expense | 547,859 | 3,358,974 | 6,446,853 | 9,692,299 |
| **Profit before Income Tax** | **5,921,772** | **6,020,048** | **(51,994,643)** | **13,117,224** |
| **Income tax Expense** | **1,776,532** | **1,806,014** | **(8,258,534)** | **12,010,682** |
| Current Tax | 1,776,532 | 1,806,014 | (15,598,393) | 3,935,167 |
| Previous Year Tax | - | - | 7,339,859 | 8,075,514 |
| Deferred Tax | - | - | - | - |
| **Profit/loss for the period** | **4,145,241** | **4,214,034** | **(43,736,109)** | **1,106,542** |

**Condensed Statement of Comprehensive Income**

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| **Profit or Loss for the Period** | 4,145,241 | 4,214,034 | (43,736,109) | 1,106,542 |
| **Other Comprehensive Income** | - | - | - | - |
| **Total Comprehensive Income** | 4,145,241 | 4,214,034 | (43,736,109) | 1,106,542 |
| Basic earnings per share | | 0.24 | | 0.06 |
| Annualized Basic earnings per share | | 0.48 | | 0.13 |
| Diluted earnings per share | | 0.48 | | 0.13 |

**Ratios as per NRB Directives**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 11.71% | | 13.54% |
| Non-performing Loan (NPL) to total loan | | 13.37% | | 13.76% |
| Total Loan Loss Provision to Total NPL | | 46.47% | | 37.03% |
| Cost of Funds | | 7.50% | | 9.82% |
| Credit to Deposit & Borrowing Ratio | | 99.02% | | 102.32% |
| Base Rate | | 13.13% | | 14.84% |
| Interest Spread Rate | | 7.49% | | 5.16% |

**Statement Of Distributable Profit or Loss**
For the Quarter Ended Poush 2081
(As per NRB Regulation)

| Particulars | Current Year Upto This Quarter (YTD) | "Previous Year Correspondng Qtr YTD" |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **4,214,034** | **1,106,542** |
| **Appropriations:** | | |
| a. General reserve | 842,807 | - |
| b. Foreign exchange fluctuation fund | | |
| c. Capital redemption reserve | | |
| d. Corporate social responsibility fund | 42,140 | - |
| e. Employee Efficiency Development Fund | - | |
| f. Client Protection Fund | 42,140 | - |
| g. Other | | |
| **Profit or (loss) before regulatory adjustment** | **3,286,946** | **1,106,542** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (47,921,411) | (213,766,288) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | | |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | | |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | | |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | | |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | | |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | | |
| h. Actuarial loss recognised (-)/reversal (+) | | |
| i. Other | | |
| **Net Profit for the Quarter ended on Poush 2081 available for distribution** | **(44,634,465)** | **(212,659,746)** |
| Opening Retained Earning as on Shrawan 1 2081 | 60,048,598 | 737,135,330 |
| Adjustment (+/-) | 1,500,000 | |
| **Distribution:** | | |
| Bonus shares issued | - | - |
| Cash Dividend Paid | - | (260,916,000) |
| **Total Distributable profit or (loss) as on Quater end Poush 2081** | **16,914,133** | **263,559,584** |
| **Annualised Distributable Profit/Loss per share** | **0.97** | **15.15** |

**Notes:**
1. The above financial statements are prepared in accordance with Nepal Financial Reporting Standard (NFRS) and certain Crave-outs issued by the ICAN. These figures may vary with the audited figures as per as instructed by external auditors and regulators.
2. The Detailed Interim financial report has been published in our website.
3. Loans and Advances are presented net of impairment charges and includes staff loans. ECL Model has not been adopted for calculating impairment of Loans & Advances.
4. Actuarial Valuation has not been done for Employee Benefits.
5. Personnel Expenses also include employee's bonus provision.
6. Previous Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.

*Interest Rate on Loan and Advances: 14% to 15% & Deposits: 7.5%-10%

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४(नियम २६ को उप नियम (१) संग सम्बन्धीत)**

## आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

क) **दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण :** यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरू**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ०.४८ | १,३७३.३० | १४७.४५ | १,१८७.८७ | २९.१६ |

ग) **सम्बन्धित पक्ष कारोवार**

एन आई सी एशिया बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस संस्थाको कुल शेयर मध्ये ५७.७५% शेयर स्वामित्व एन आई सी एशिया बैंक लिमिटेडको रहेको छ। यस संस्थाको आर्थिक बर्ष २०८१/८२ को दोस्रो त्रैयमास सम्ममा सम्बन्धित पक्ष कारोवार निम्न अनुसार रहेको छ।

| विवरण | रकम रु. |
|---|---|
| एन आई सी एशिया बैंक लिमिटेडबाट शेयरमा लगानी | १,००४,५००,००० |
| एन आई सी एशिया बैंक लिमिटेडबाट लिएको कर्जा सापटी | ३,१००,०००,००० |
| एन आई सी एशिया बैंक लिमिटेडको खातामा रहेको रकम | २,९४४,७३६,२४२.०६ |
| एन आई सी एशिया बैंक लिमिटेडलाई ब्याज भुक्तानी | ६२,८४१,७१२.१२ |
| एन आई सी एशिया बैंक लिमिटेडबाट काजमा खटाइएका कर्मचारीहरूको तलब परिपूर्ति | १९३,८०३.५५ |

२) **व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** यस आ.व. को दोस्रो त्रैमासिक अवधि सम्ममा संस्थाको कुल मौज्दात र आम्दानीमा आशातित बृद्धि हासिल गर्न निरन्तर प्रयासरत रहे पनि कर्जा/सापटीमा बढ्दो ब्याजदर तथा लघुवित्तको कर्जामा लगाइएको सीमा, सामाजिक रुपमा लघुवित्त विरुद्ध गतिविधि गर्ने समुह लगायतले समाजमा फैलाएका विकृती तथा बिसंगती, आदिले यथोचित रुपमा व्यवसाय बृद्धि भन्दा पनि कर्जा असुलीलाई उचित व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको यथार्थलाई स्वीकार गर्दै सो को उचित परिचालन तथा प्रभावकारी व्यवस्थापन भईरहेको छ। हालको परिस्थितीमा मौज्दात तथा आम्दानी बढाउने प्रयास भन्दा पनि संस्थालाई हालको परिस्थितीले दुरगामी असर नपुगोस भन्नेमा व्यवस्थापन सजग छ। यस बिषम् परिस्थिती माझ पनि उपलब्ध श्रोत साधनको सही तवरले प्रयोग गर्दै विपन्नबर्गका ऋणीहरूको आवश्यकता पुरा गर्दै अगाडी बढ्नेमा संस्था दृढ रहेको छ।

ख) **व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** यस वित्तीय संस्थाले देशका ७४ जिल्लामा २८७ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहहरूलाई प्राथमिकतामा राखिएको छ। यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कुल २,२१,१३१ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ। राष्ट्रिय स्तरको अग्रणी लघुवित्त संस्थाको रुपमा छोटो अवधिमै आफूलाई स्थापित गर्न सफल यस संस्थाले उच्चतम तथा नविनतम प्रविधिलाई जोड दिदै संस्थाको दैनिक क्रियाकलाप तथा समूह सदस्य र ऋणीहरूलाई समेत थप प्रभावकारी रुपमा सेवा प्रदान गर्दै आएको छ। साथै संस्थाको सेवा विस्तारलाई निरन्तरता दिदै, प्रविधिमा थप लगानी गर्दै जानेमा व्यवस्थापन प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छौ। यस संस्थाले नेपालको पहिलो प्राथमिकताको अग्रणी लघुवित्तको रुपमा स्थापित हुनलाई कृषि, पशुपालन, सेवा व्यावसाय, लघु उद्यम तथा समूहको आवश्यकता अनुसारका व्यवसायहरूमा लगानी बढाउदै गई रहेको छ। आगामी दिनहरूमा पनि समूह सदस्य तथा ऋणीहरूको आवश्यकता र समय सापेक्ष अनुसार संस्थाको सेवा तथा सुविधाको गुणस्तर वृद्धि गर्दै एक सबल, सफल तथा उत्तरदायी संस्थाको रुपमा आफूलाई स्थापित गर्नमा व्यवस्थापन सदैव सचेत, सजक तथा प्रतिवद्ध रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण :** विश्वव्यापी रुपमा फैलिएको कोभिड १९को महामारी नियन्त्रण हुदै गएको अवस्था भएपनि कर्जा सापटीको बढ्दो ब्याजदर तथा कर्जा लगानीमा तोकिएको ब्याजदरको सीमाको अवस्थामा पनि संस्थाको मौज्दात,नाफा र नगद प्रवाहमा सोचे अनुरुपकै उपलब्धि हासिल गर्नेमा संस्था विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको कर्जाको दोहोरोपनले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ। कर्जाको दाहोरोपनलाई निरुत्साहित गरि कर्जाको गुणस्तरमा अभिवृद्धि गर्न सम्पुर्ण सरोकारवाला पक्षसँग सहकार्य गरी कर्जाको गुणस्तर कायम राख्नेमा व्यवस्थापन प्रतिबद्ध छ। विगत एक वर्ष भन्दा बढी समय देखी उतार चढाव भई रहेको ब्याजदरलाई सफल रुपमा तथा प्रभावकारी तरिकाले व्यवस्थापन गरी सरल तथा सहज ब्याजदरमा संस्थाको वित्तीय स्रोतको परिचालन गरिनेछ।

३) **कानूनी कारवाही सम्वन्धी विवरण**

क) **यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :** यस अवधिमा संस्थाको व्यवसायमा तात्विक असर पर्ने गरी संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख) **संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :** यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :** यस सम्बन्धी कुनै जानकारी प्राप्त नभएको।

४) **संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेषण**

क) **धितोपत्र बजारमा भएको वित्तीय संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :** दोस्रो बजारमा हुने शेयर कारोवारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ।

ख) **यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :**

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार संख्या | कारोवार दिन |
|---|---|---|---|---|
| ७७५ | ६३० | ६६५ | ७८७७ | ५५ |

५) **समस्या र चुनौती**

प्रमुख चुनौतीहरू तल उल्लेख गरिए अनुसार रहेको छ।

**आन्तरिक**

क) दक्ष जनशक्तिको अभाव।
ख) बढ्दो सञ्चालन लागत तथा घट्दो खुद ब्याजदर अन्तर।
ग) कार्य क्षेत्रको भौगोलिक विकटता र यसले गर्दा कर्मचारीहरूको उत्पादकत्वमा आउने सक्ने नकरात्मक असर।

**वाह्य**

क) विश्वव्यापी महामारी कोभिड १९ पछि आर्थिक सुस्तताले पारेको असर।
ख) नेपाल राष्ट्र बैंकको निती तथा नियम मा आउन सक्ने परिवर्तनहरू।
ग) एउटै क्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाहरूको उपस्थितीले संस्थाहरू बिच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपनको सम्भावना।
घ) विभिन्न राजनैतिक तथा गैरराजनैतिक सामाजिक परिदृश्य।

**रणनीति**

क) नविनतम् प्रविधिको प्रयोग गरी विधुतिय सेवालाई जोड दिने।
ख) नयाँ क्षेत्रहरूमा लगानी एवं अवसरहरूको निरन्तर खोजी गर्दै जाने।
ग) कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि Virtual तथा on the job तालिम संचालन गर्ने।
घ) प्रतिस्पर्धी क्षमताको विकास गर्दै जाने।
ङ) विवेकशिल जोखिम व्यवस्थापनको नीतिलाई अंगिकार गर्दै जाने।
च) उत्पादनमूलक र कृषि क्षेत्रमा आधारित कर्जालाई प्राथमिकता दिने ।
छ) (Resource Optimization) खर्चमा मितव्ययीता अपनाउने।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकता दिने नीति अनुसार श्री नेपाल राष्ट्र बैंकद्वारा जारी संस्थागत सुशासन सम्बन्धी व्यवस्था अनुरुप संस्थाका सञ्चालक समिति तथा व्यवस्थापनमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, आफ्ना शेयरधनीहरू, सर्वसाधारण निक्षेपकर्ताहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितलाई सदैव उच्च प्राथमिकतामा राखी संस्थागत सुशासन कायम राख्न नियामक निकायहरूका व्यवस्थाहरूको पूर्णरुपमा पालना एवं कार्यान्वयनको लागि संस्था सदैव सजग र सचेत रहेको छ।

७) सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्वन्धमा मैंले जाने बुझेसम्म म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

## महिला लिग २०८१

# सर्वोत्कृष्ट प्रदर्शन गरेका ११ खेलाडी

दुई वर्षपछि आयोजना भएको राष्ट्रिय महिला लिग २०८१ बुधबार सकियो। दशरथ रंगशालामा भएको विभागीय 'डर्बी' फाइनलमा एपिएफले नेपाल पुलिस क्लबलाई ४-० ले हराउँदै लगातार चौथोपटक उपाधि रक्षा गर्‍यो। आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले दुई चरणमा आयोजना गरेको लिगमा १० टोलीले भाग लिएका थिए। दोस्रो चरणमा भने शीर्ष पाँच टोलीबिच प्रतिस्पर्धा भयो। बागमती युवा र संकटा क्लब पहिलोपटक सहभागी भए। कुल ९२ खेल हुँदा लिगमा एपिएफ अपराजित रह्यो। आयोजक एन्फाको प्राविधिक कमिटीको सहयोगमा नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**ले लिगमा उत्कृष्ट 'ड्रिम ११' तयार गरेका छन्। ड्रिम ११ को रणनीति शैली ४-४-२ को छ, जसमा एपिएफका ६, पुलिसका तीन र आर्मीका दुई खेलाडीले स्थान बनाएका छन्।



**उषा नाथ** (गोलरक्षक), क्लब : नेपाल पुलिस

महिला लिगको सर्वोत्कृष्ट गोलरक्षकमा एपिएफकी सावित्री किसन घोषित भइन्। नियमित गोलरक्षक अञ्जिला तुम्बापो सुब्बा ग्रिस लिगमा आबद्ध भएपछि सावित्रीले एपिएफबाट पहिलोपटक प्लेइङ सेटमा खेल्ने अवसर पाइन्। यसपटक लिगमा सावित्रीसँगै आर्मीकी अञ्जना रानामगर र एपिएफकी उषा नाथ प्रतिस्पर्धामा थिए। यद्यपि, कडा प्रतिस्पर्धाबिच ड्रिम ११ मा भने उषाले नै स्थान पाएकी छिन्। उनले लिगमा १४ क्लिन सिट राख्न सफल भइन्। यसपटक लिगमा कुनै गोलरक्षक व्यस्त थियो भने उनी नै। उषाले यसपटक करिअरकै उत्कृष्ट प्रदर्शन पनि गर्न सफल भइन्।



**पूजा राना** (राइट ब्याक), क्लब : नेपाल पुलिस

महिला लिगमा पुलिस उपविजेता हुँदा राइट ब्याक पूजाको सबैभन्दा धेरै चर्चा भयो। घाइते भएका कारण उनले लिगमा सबै खेल खेल्न पाइनन्। तर, मैदानमा जतिपटक उनले अवसर पाइन्, ती सबै खेलमा उत्कृष्ट प्रदर्शन गर्न सफल भइन्। यसै असाधारण प्रदर्शनका कारण नै उनको नाममा पाँच गोल रह्यो। प्रशिक्षक भोलानाथ सिलवालले विपक्षी पोस्टमा गोल नहुँदा पूजालाई अट्याकिङ भूमिका दिने गर्थे। प्रशिक्षकले दिएको भूमिकामा उनको प्रदर्शन अब्बल रह्यो। राष्ट्रिय टोलीबाट खेलिसकेकी पूजा लिगकै उत्कृष्ट राइट ब्याकमा पर्छिन्। मैदानमा उनलाई चुनौती दिन सक्ने खेलाडीमा एपिएफकी युवा खेलाडी प्रतीक्षा चौधरी हुन्।



**गीता राना** (डिफेन्डर), क्लब : एपिएफ

घरेलु फुटबलमा सधैँ सम्भिरहने सदाबहार डिफेन्डर हुन् गीता। राम्रा विपक्षी खेलाडीको दबाबलाई सहजै नियन्त्रण लिन सक्ने खुबी उनीसँग छ। लगातार एक दशकदेखि गीता विभागीय क्लब एपिएफमा आबद्ध छिन्। एपिएफको डिफेन्स कमान्ड सम्हाल्ने अन्य खेलाडीको तुलनामा उनको हाइट अग्लो छ। यसैकारण यी सेन्टर ब्याकलाई बिट गर्न विपक्षी अट्याकरलाई सधैँ मुस्किल पर्छ। गीताले नेपालमा मात्र नभएर भारतीय सेथु एफसीबाट पनि व्यावसायिक लिग खेलिसकेकी छिन्। बर्दियामा जन्मेकी २८ वर्षीया खेलाडी उनले लिगमा सबै खेल खेलिन्। लिगभरि उनले चार पेनाल्टी र एक गोल गरेकी थिइन्। घरेलु फुटबलमा एपिएफले पेनाल्टी पाएपछि उनी नै विकल्पका रूपमा प्रहार गर्न अगाडि पुग्छिन्।



**अमृता जैसी** (डिफेन्डर), क्लब : नेपाल पुलिस

यसपटक राष्ट्रिय महिला लिगमा सबैभन्दा धेरै प्रतिस्पर्धा भएको पोसेसन नै सेन्टर ब्याक थियो। दबाबबिच उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी पुलिसकी अमृता हुन्। लिगमा एपिएफकी निशा थोकर र आर्मीकी विमला विकले अमृतालाई चुनौती दिए। निशाले अन्य प्रतियोगितामा भन्दा यो लिगमा राम्रो प्रदर्शन गर्न सफल रहिन्। एपिएफबाट खेल्दा गीतासँग उनको सहकार्य खुबै जमेको थियो। विमला पहिलोपटक सेन्टर ब्याकबाट खेलिन्। जहाँ उनी आफ्नो ड्युटीमा निपुण भइन्। यो लिगमा अट्याकरले दबाब बनाउन नसकेपछि पुलिसको डिफेन्स लाइन लिगभरि व्यस्त रह्यो। यसमा अमृताको भूमिका तारिफयोग्य थियो। लिगको उपविजेता हुँदाको श्रेय नै उनलाई जान्छ।



**मनमाया दमाई** (लेफ्ट ब्याक), क्लब : एपिएफ

महिला लिगले पाएको एक नयाँ खेलाडी मनमाया हुन्। एपिएफकी नियमित लेफ्ट ब्याक हीराकुमारी भुजेल घाइते भएपछि मनमायालाई प्रशिक्षक जीवेशकुमार पाण्डेले जिम्मेवारी दिएका हुन्। उनले प्राप्त जिम्मेवारीलाई न्याय गरिन्। लिगमा गरेको प्रदर्शनका कारण उनले राष्ट्रिय टोलीको ढोका ढकढक्याएकी छिन्। वालिङ हुँदै राष्ट्रिय लिगमा प्रवेश गरेकी २० वर्षीया मनमायाले नेपालको यू-१४, १८ र १९ राष्ट्रिय टोलीबाट खेलिसकेकी छिन्।



**प्रीति राई** (मिडफिल्डर)
क्लब : एपिएफ

वाफ महिला च्याम्पियनसिपमा लेबनानविरुद्धको गोलसँगै एकाएक प्रीतिको चर्चा बढ्यो। नेपालको यू-१४ हुँदै राष्ट्रिय महिला टोलीमा उनले सहजै डेब्युको अवसर पाइन्। युवाबाट एकैपटक राष्ट्रिय टोलीमा छनोट भएपछि प्रीतिको प्रदर्शन निखारिँदै गएको छ। घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा उनले सम्हालेको मिडफिल्ड पोसेसन बलियो छ। यस पोसेसनमा उनको प्रदर्शन प्रभावशाली देखिन्छ। विपक्षीलाई आफूमाथि दबाब बनाउन नदिने र विपक्षीविरुद्ध फाइनल थर्डमा पनि दबाब बढाउन सक्ने क्षमता उनीसँग छ। प्रीतिले लिगमा सबै खेल खेल्दा १० गोल गरेकी थिइन्। उनीसँग एपिएफकी सरू लिम्बू पनि प्रतिस्पर्धामा थिइन्।



**सविता राना मगर** (मिडफिल्डर), क्लब : एपिएफ

सर्वोत्कृष्ट खेलाडी घोषणा हुँदा सवितालाई सुरुमा विश्वास नै लागेन। दर्जनौँ खेलाडीमाझ आफू नै महिला लिगकै सर्वोत्कृष्ट खेलाडी हुने उनले कल्पनासमेत गरेकी थिइनन्। आयोजकले सर्वोत्कृष्ट खेलाडीको नाम घोषणा गर्दा सविता एकछिन अचम्ममा परिन्। ट्रफी उचालेपछि उनको पहिलो बोली यस्तो थियो, 'म पो सर्वोत्कृष्ट! मलाई विश्वास लागेको थिएन।' उनले दुवै चरणमा सानदार प्रदर्शन गरेकी थिइन्। २२ वर्षीया विंगर सविताले लिगमा २५ खेलमा १३ गोल र सर्वाधिक १६ असिस्ट गरिन्। रौतहट हुँदै एपिएफमा आबद्ध भएकी उनी अहिले राष्ट्रिय टोलीमा आबद्ध छिन्।



**विमला चौधरी** (मिडफिल्डर), क्लब : आर्मी

यसपटकको लिगमा त्रिभुवन आर्मी अभागी ठहरियो। प्ले अफका दुवै खेलमा आर्मी पराजित हुँदा फाइनल स्थान बनाउन सकेन। पहिलो प्ले अफमा एपिएफ र दोस्रोमा पुलिससँग पराजित हुँदा आर्मीको यात्रा प्ले अफसम्म सीमित भयो। आर्मी यहाँसम्म पुग्नुपछाडि विंगर विमला चौधरीको योगदान महत्त्वपूर्ण मान्नुपर्छ। लिगमा उनले २२ खेलमा १४ गोलसँगै १२ असिस्ट गरिन्। कैलालीबाट खेल करिअर सुरु गरेकी विमलाले पछिल्लो दशकमा आर्मीबाट प्रतिस्पर्धा गरिरहेकी छिन्। २७ वर्षीया उनको मजबुत पक्ष नै सधैँ एकनासको प्रदर्शन गर्नु हो। मैदानबाहिर कम बोल्ने र कमै घुलमिल हुने बानी भएका कारण नै लिगमा विमलाको चर्चा खासै भएन।



**चन्द्रा भण्डारी** (स्ट्राइकर), क्लब : आर्मी

एपिएफकी रश्मिकुमारी घिसिङपछि महिला लिगमा सबैभन्दा उत्कृष्ट स्ट्राइकर आर्मीकी चन्द्रा भण्डारी हुन्। २० वर्षीया चन्द्राले लिगमा १७ गोल र ९ असिस्ट गरी समग्रमा १९ खेलमा प्रतिस्पर्धा गरेकी थिइन्। यी सबै खेलमा उनले विपक्षी डिफेन्डरलाई आच्छु-आच्छु पार्न सफल भइन्। विभागीय डर्बीमा पनि चन्द्राले आफ्नो प्रभाव उत्तिकै देखाइन्। धनगढी हुँदै महिला लिगमा प्रवेश गरेकी उनलाई आर्मीले अनुबन्ध गरेको हो। नेपालको यू-१४ टोली हुँदै चन्द्राले राष्ट्रिय टिमबाट समेत डेब्यु गरिसकेकी छिन्। चन्द्रासँगै आर्मीबाट अमिषा कार्कीको पनि उत्तिकै सानदार प्रदर्शन थियो।



**रेनुका नगरकोटे** (मिडफिल्डर), क्लब : एपिएफ

राष्ट्रिय टोलीको आर्म ब्यान्ड लगाइरहँदा लगातार दुईपटक घाइते भएपछि रेनुकालाई सक्रिय रूपमा मैदानमा फर्कने वा नफर्कने भन्ने द्विविधा थियो। उनले सबैको विश्वासलाई जित्दै लिगमा सानदार कमब्याक गरिन्। रौतहटबाट महिला फुटबलमा आबद्ध भएकी उनले फुटबल मैदानमा बिताएको १७ वर्ष भइसकेको छ। एपिएफ अपराजित रही च्याम्पियन हुँदा प्लेमेकर रेनुकाले उत्कृष्ट भूमिका निर्वाह गरेकी थिइन्। लिगमा उनले पाँच गोल गरिन्। विपक्षी पोस्टमा गोल गर्नुका साथै उनले आफ्नो पोस्टमा कहिल्यै पनि विपक्षी खेलाडीलाई हाबी हुन दिइनन्। एपिएफले विपक्षीविरुद्ध गरेको धेरैजसो गोलमा कहीँ न, कहीँ उनको भूमिका देखिन्थ्यो।



**रश्मिकुमारी घिसिङ** (स्ट्राइकर), क्लब : एपिएफ

रश्मि पहिलोपटक एपिएफबाट खेल्दै लिगकै सर्वाधिक गोलकर्ता बनिन्। एपिएफकी प्रमुख स्ट्राइकर सावित्रा भण्डारी फ्रेन्च लिगमा आबद्ध भएकाले उतै व्यस्त छिन्। उनको अनुपस्थितिमा प्रशिक्षक पाण्डेले लिगमा रश्मिलाई अट्याकको जिम्मेवारी दिएका थिए। प्रशिक्षकको निर्णयलाई न्याय दिँदै एपिएफलाई अपराजित रूपमा च्याम्पियन बनाउन रश्मिले महत्त्वपूर्ण भूमिका निर्वाह गरिन्। उनले २८ खेलमा सर्वाधिक ३५ गोल गरेकी थिइन्। यसक्रममा उनले मैदानमा दुई हजार मिनेट पसिना बगाइन्। राष्ट्रिय टोलीबाट खेलिसकेकी रश्मिले लिगको सर्वाधिक गोलकर्ताको अवार्ड जित्न सफलसमेत भइन्।

# जनकपुरलाई कबड्डी उपाधि



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

**काठमाडौं**/ अपराजित रहँदै जनकपुर नाइट्सले पहिलो संस्करणको नेपाल कबड्डी लिगको उपाधि जितेको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शुक्रबार भएको फाइनल खेलमा जनकपुरले काठमाडौं माभरिक्सलाई ४५-४१ ले पराजित गर्दै उपाधि जितेको हो। जनकपुरले पाँच लाख र उपविजेता काठमाडौंले दुई लाख रुपैयाँ पाएका छन्। लिग चरणमा यी दुई टोलीले ३९-३९ अंकको बराबरी खेलेका थिए। तर, फाइनलमा भने जनकपुरले काठमाडौंलाई पछि पार्न सफल भयो।

पहिलो हाफमा जनकपुरले ६ अंकको अग्रता लिएको थियो। जनकपुरले रेडबाट आठ, ट्याकल ६, दुई अलआउटबाट चार तथा बोनस र अतिरिक्तबाट सात अंक जोडेको थियो। काठमाडौंले रेडबाट दुई, ट्याकलबाट ६ तथा बोनस र अतिरिक्तबाट ११ अंक मात्रै बटुल्यो। पहिलो हाफमा जनकपुर २५-१९ ले अघि रह्यो। दोस्रो हाफमा कप्तान घनश्याम रोक्कामगरले उत्कृष्ट प्रदर्शन गर्दै काठमाडौंलाई खेलमा फर्काएका थिए। तर, अन्तिम समयमा सम्हालिन नसक्दा काठमाडौं उपाधिबाट विमुख हुन पुग्यो।

काठमाडौंले रेडबाट सात, ट्याकलबाट पाँच, एक अलआउटबाट दुई तथा बोनस तथा अतिरिक्तबाट आठ अंक जोडेको थियो। जनकपुरले रेडबाट सात, ट्याकलबाट ६ तथा बोनस र अतिरिक्त गरेर पाँच अंक मात्रै बटुल्न सक्यो।

## १४औँ साग तयारीको बैठक प्रभावित

**काठमाडौं**/ सरकारले जीवनराम श्रेष्ठ नेतृत्वको नेपाल ओलम्पिक कमिटी (एनओसी)माथि गतिविधि गर्न प्रतिबन्ध लगाएको छ। गत १३ पुसमा अदालतको आदेश, सरकारको निर्देशन र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)को अनुमतिविना अनलाइन भोटिङमार्फत निर्वाचन गरी लगातार तेस्रोपटक अध्यक्षमा निर्वाचित भएका श्रेष्ठ समूहलाई सरकारले ओलम्पिक गतिविधिमा पूर्णतः रोक लगाएको हो।

सातदोबाटोस्थित केन्द्रीय कार्यालय ओलम्पिक भवनमा श्रेष्ठले शुक्रबार १४औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)को सन्दर्भमा राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध खेल संघसँग छलफल गर्न दिउँसो दुई बजे कार्यक्रम राखेको थियो। एनओसीले बिहीबारै सम्बन्धित खेल संघहरूलाई बैठकमा सहभागी हुन पत्र पठाएको थियो। तर, प्रहरी प्रशासनले शुक्रबार बिहानै एनओसीको भवनमा प्रवेश निषेध गरेको थियो। जसका कारण एनओसीका निर्वाचित पदाधिकारी भवनभित्र प्रवेश गर्न पाएनन्।

१४औँ सागको आयोजक राष्ट्र पाकिस्तानले प्रतियोगिताको तयारी र अन्य विषयमा छलफल गर्न दक्षिण एसियाली राष्ट्रका सबै ओलम्पिक कमिटीका पदाधिकारीलाई आगामी फेब्रुअरीमा बैठकमा डाकेको छ। बैठकमा सहभागी हुनुअघि श्रेष्ठ नेतृत्व एनओसीले राष्ट्रिय संघसँग छलफल गर्न बोलाएको हो। तर, खेलकुद मन्त्रालयले गृह मन्त्रालयमार्फत प्रहरी परिचालन भएपछि एनओसी भवनभित्र कसैलाई छिर्न नदिन निर्देशन दिएपछि बैठक अवरुद्ध भएको हो।

'यस्तो गम्भीर विषयमा सरकारले जिम्मेवार कदम चाल्नुपर्छ। राजनीतिक लडाइँबिचमा खेलाडी र खेल प्रभावित हुने कदम सरकारबाट गर्नु राम्रो होइन,' एनओसीका अध्यक्ष श्रेष्ठले थपे, 'यो कदमबाट १४औँ सागमा नेपालको सहभागिता अन्योल र समस्यामा पर्न सक्छ।'




नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र**
ठिमी, भक्तपुर

**बोलपत्र संशोधन गरिएको सूचना**

**प्रथम पटक संशोधन मिति : २०८१/१०/१९**

यस केन्द्रबाट मिति **२०८१ पुष १७ गते तदनुसार 1st January, 2025** को **नयाँ पत्रिका राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशन गरिएको Procurement of Centrifuge Tube सम्बन्धी सूचनामा **IFB No. 8: NTCC/G/NCB/04/2081-82 हुन पर्नेमा अन्यथा भएकोले** सो IFB No. एवम् तपशिल बमोजिम संशोधन गरिएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. बोलपत्र पेश गर्ने समय 7th February, 2025, दिनको १२:०० बजेसम्म।
२. बोलपत्र खोल्ने समय 7th February, 2025, दिनको १३:०० बजे।

**Molung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation for Bids**

**Invitation for Bids for works described as below.**

**First Date of Publication: 31-01-2025**

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following works under NCB.

For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S.N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1 | COVERD HALL NIRMAN Molung-3 | 05/NCB/WORKS/ MRM/081/82 | 02-03-2025 12:00 | 4176026.79 | 110000 | 3000 |

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com